मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक ४१ | २०८० साल पुष १३ गते शुक्रबार | Friday 29, December 2023 | सूर्योदय: बिहान ६:५३ बजे | सूर्यास्त: साँझ ५:२१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# राज्यको लुटकारी चरित्र कायमै



*'राजाको शासन गएर देशमा गणतन्त्र आएको भने पनि गणतन्त्रका नाममा देशमा दलतन्त्र चलेको छ, जनताको शासन आउन सकेको छैन, त्यसका लागि हाम्रो लडाइँ जारी छ ।'*

***–प्रभु साह***
***अध्यक्ष, आमजनता पार्टी***

- गणतन्त्रका नाममा निरन्तर ठगी
- अर्थतन्त्र समिति पुँजीपतिको कब्जामा
- 'बेटी पढाउँ बेटी बचाउँ'मै निर्लज्ज भ्रष्टाचार
- विभेदकारी नीति अस्वीकारको घोषणा
- मधेश सरकार प्रश्नैप्रश्नको भूमरीमा

**महेश कठायत**
**वीरगंज ।**
आमजनता पार्टीका अध्यक्ष प्रभु साहले राज्यको लुटकारी चरित्र हाबी हुँदा नागरिकले दुःख पाएको बताएका छन् । पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले देशको अर्थतन्त्र केही मुठ्ठिभरका व्यक्तिको हातमा रहेको र उनीहरुकै हालीमुहाली रहेको दाबी गरे ।

आमजनता पार्टी मधेश प्रदेशको आयोजनामा बिहीबार वीरगंजमा आयोजित अन्तरक्रियामा अध्यक्ष साहले बैंक तथा वित्तीय संस्थाको मनोमानीविरुद्ध सबै मिलेर आवाज उठाउनुपर्ने बताए । अध्यक्ष साहको नजरमा बैंकले अहिले दुई तरिकाले मनोमानी गरिरहेको छ । त्यसलाई प्रष्ट पार्दै उनले भने, 'पहिलो, बैंकहरुले चर्को ब्याजदर बढाउँदै लगेका छन् । दोस्रो, बैंकहरुले आफ्नो शाखा विस्तारका नाममा निक्षेप सङ्कलन गरी सीमित पुँजीपतिलाई लाभ दिइरहेका छन् ।' बैंकले सङ्कलन गरेको निक्षेप देशको अर्थतन्त्रसँग जोडिएको भए पनि बैंकबाट ऋण लिएर सीमित व्यक्तिले रजाइँ गरिरहेको उनले आरोप लगाए । सरकारको नियम कानुन छलेर लघुवित्त र सहकारीले समेत लुटिरहेको उनको भनाइ थियो ।

राज्यले नै लुटकारीलाई सहयोग पुर्याउँदै आएको उल्लेख गर्दै उनले देशमा दुईथरी वर्ग रहेको बताए । अध्यक्ष साहले भने, 'एउटा वर्गले नेपाललाई लुटेर विदेशमा कालो धन थुपारिरहेको छ, अर्को वर्गले विदेशमा कमाएर पठाएको रेमिट्यानसले नेपालको अर्थतन्त्र धानिरहेको छ ।' जनताका छोराछोरीले विदेशमा दुःख गरेर कमाएको पैसाले देशको अर्थतन्त्र धानेको भए पनि नेताका छोराछोरी भने विदेशमा कमाउने र नेताले पनि विभिन्न माध्यमबाट विदेशमै पैसा जम्मा गर्ने गरेको उनले टिप्पणी गरे । अवैध बाटोबाट पैसा विदेशिनु देशको लागि जटिल समस्या भएको भन्दै उनले त्यसलाई रोक्नुपर्ने सुझाए ।

अध्यक्ष साहले अहिले पनि देशमा राजनीतिक अस्थिरता कायम रहेको बताए । उनले गणतन्त्रका नाममा सीमित राजनीतिक दल र तीनका सीमित नेताले देशमा शासन गरिरहेकाले यसलाई जनताको शासन भन्न नमिल्ने टिप्पणी गरे । 'राजाको शासन गएर देशमा गणतन्त्र आएको भने पनि देशमा दलतन्त्र चलेको छ, जनताको शासन अझै आउन सकेको छैन, त्यसका लागि हाम्रो लडाइँ हो,' अध्यक्ष साहले भने, 'अहिलेको अवस्था बदल्न पार्टी लागिपरेको छ ।' देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको मधेश उजाड बन्दै गएको

**बाँकी पृष्ठ २ मा**




# शेयर बजार 'अपराधीको कब्जा'मा

*३३ खर्ब रुपैयाँ भन्दा माथि लगानी भएको शेयर बजारमा लगातार घाटा लाग्दा लगानीकर्ता आत्महत्या गर्न र शेयर बजारबाट पलायन हुन बाध्य छन्*



**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी नेपाल (जसपा) का प्रमुख सचेतक प्रदीप यादवले नेपाली शेयर बजार अपराधीको कब्जामा रहेको टिप्पणी गरेका छन् । प्रतिनिधि सभाअन्तर्गत सार्वजनिक लेखा समितिको बिहीबारको बैठकमा यादवले शेयर बजारमा भइरहेको गम्भीर आर्थिक अपराधमा मन्त्री, कर्मचारी र धितो बोर्डका अध्यक्ष प्रत्यक्ष रूपले संलग्न रहेको आरोप लगाए ।

पूर्व वन तथा वातावरण मन्त्री यादवले भने, 'धितो बोर्ड नै मतियार बनेर लगानीकर्तामाथि अत्याचार गरिरहेको छ भने सीमित व्यापारी र बिचौलियालाई पोस्ने काम भइरहेको छ । यसमा नेपाल सरकारका मन्त्रीको पनि संलग्नता छ, कर्मचारीको मिलेमतो छ भने धितो बोर्डका अध्यक्षको पनि संलग्नता देखिन्छ ।' शेयर बजार लगातार घटिरहेको अवस्थामा घाटामा गएका बैङ्कले प्रिमियम मूल्यमा आइपिओ जारी गरेर अर्बौं रुपैयाँ लगानीकर्तालाई झुक्क्याएर उठाउन सफल भएको पर्सा निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य समेत रहेका यादवको भनाई छ । घाटामा गइरहेका घोराही सिमेन्ट, हिमालयन इन्सुरेन्सलगायतका कम्पनीलाई आइपिओ जारी गर्न अनुमति दिएर अर्बौं रुपैयाँ सङ्कलन गर्न दिने नै धितो बोर्डका अध्यक्ष भएको यादवको आरोप छ । ३३ खर्ब रुपैयाँ भन्दा माथि लगानी भएको शेयर बजारमा लगातार घाटा लाग्दा लगानीकर्ता आत्महत्या गर्न र शेयर बजारबाट पलायन हुन बाध्य भएकोमा उनले चिन्ता व्यक्त गरे । विमा कम्पनीले आइपिओ निष्कासनका लागि अनुमति दिँदाको प्रावधान र सम्बन्धित कम्पनीका विभिन्न निर्णय, कागजपत्र तथा पत्राचारको छानबिन गर्न पनि उनले ध्यानाकर्षण गराए ।





शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

कमला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माचि झिटकहिया, धनुषा





# के हो पचास हजार काण्ड ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
'आज दिउँसो रघुनाथपुरमा पूर्व वडा कार्यालय सहयोगी सत्यनारायण यादवले मसँग सोध्नुभयो: बैजु कहाँदुन साँच्चे मेयरके खातामे पाँच लाख रुपैयाँ पठादेल्कै ?' पत्रकार एवम् राजनीतिकर्मी सुरेश यादवले बिहीबार फेसबुकमा लेखेका छन्, 'पैसा त पठाएकै हो तर पाँच लाख होइन पचास हजार हो । र, पैसा मेयरले हेडमास्टरलाई फिर्ता पनि गरिसके भनेर सुन्देछु ।' यादवले फेसबुकमा यसविषयमा प्रष्ट पार्न खोजेका छन् । 'दुई दिनअघि केही कुरा फेसबुकमा पोष्ट्याउँदा सबै छर्लंग किन नगरेको ? भनेर अनेक प्रश्न ममाथि आयो । मैले नै सबै कुरा नबुझि कसरी अनावश्यक जान्ने भएर लेखूँ त ? तर, आजसम्म आइपुग्दा मेयरको कुरा विभिन्न सञ्चार माध्यमबाट र हेडमास्टरको कुरा उनीसँगै प्रत्यक्ष कुराकानी गरेर थाहा पाएको छु,' उनले लेखेका छन्, 'त्यसो भए के हो त ५० हजार काण्ड ?'

सबैला नगरपालिकास्थित फकिरचन्द गामी माविका प्रधानाध्यापक बैजु कुमार साहले नगर प्रमुख कारीराम यादवको खातामा ५० हजार रुपैयाँ पठाइदिएको विषय निकै चर्चामा छ । हेडमास्टरले मेयरको खातामा किन पठायो ५० हजार ? सबैको चासोको विषय बनेको छ । यस्तो विषयमा नागरिकले चासो राख्नु स्वाभाविक पनि हो । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको कुरा गर्छौं हामीले । शून्य सहनशीलता भनेको भ्रष्टाचार सहने होइन । सकभर पर्दाफास गरिहाल्नुपर्छ । र, यी विषयमा जिम्मेवार जनप्रतिनिधिले पनि साथ दिनुपर्छ । नगर प्रमुख यादवको प्रतिक्रिया विभिन्न सञ्चारमाध्यममा प्रकाशन भएअनुसार: कारीराम यादवको बैंक खातामा ५० हजार रुपैयाँ आएको म्यासेजको घण्टी उहाँको मोबाइलमा बजेपछि उहाँलाई तनाव भयो । उहाँले सोधीखोजी गर्दा फकिरचन्द गामी माविका हेडमास्टर बैजु साह र सोही विद्यालयका लेखापाल देवकुमार यादवले मिलेर ५० हजार रुपैयाँ खातामा जम्मा गरिदिएको बुझियो । पैसा आफूलाई बदनाम गराउन खातामा पठाइदिएको मेयरको भनाइ छ । उनका अनुसार बैंक खाता उपलब्ध गराइदिने बैंकका कर्मचारी र पैसा जम्मा गर्ने हेडमास्टर र लेखापाललाई कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय सबैलामा मेयरले निवेदन दिएका छन् । यता, हेडमास्टर बैजु साहले भने केही विषयमा सहमति भएकै आधारमा पैसा दिनुपर्ने थियो, रकम हातमै नगद दिएको भए ठीक हुने थियो तर खातामा पठाइदिएपछि पैसा लिएबापत भनेको काम गर्नेपर्ने दबाबमा परेको कारण मेयरले बाहिर हल्ला गरिदिएको हो रे ! अब कसरी कुरा मिलाउने भन्ने विषयमा पनि दुई पक्षबीच कुरा भइरहेको उनी बताउँछन् । मेयरको निवेदन आधारमा कारबाही गर्ने जिम्मेवार निकाय इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर सुन्दर चौलागाईले एकदुई दिनभित्रै सबै कुराको अनुसन्धान सक्ने बताउँछन् ।

# 'सिँचाइ आयोजनामा भइरहेको ढिलाइ अब हुँदैन'

**रासस**
**काठमाडौं ।**
सरकारले राष्ट्रिय गौरवमा समावेश भएका ठूला सिँचाइ आयोजना निर्माणमा देखिएको ढिलासुस्ती सह्य नभएको स्पष्ट पार्दै सम्बन्धित आयोजना र निर्माण व्यवसायीलाई थप जिम्मेवार बनाउने भएको छ ।ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले बिहीबार जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशकलगायत उच्च अधिकारीसँग गर्नुभएको छलफलमा कुनै पनि बहानामा आयोजनाको समय र लागत थप्ने काम सह्य नहुने बताएका हुन् । मुलुकको कृषि क्षेत्रको आधुनिकीकरण गर्ने लक्ष्यका साथ सरकारले दीर्घकालीन सोच राखेर सुरु गरेका आयोजनाको प्रगति अपेक्षित हुन नसक्दा आम नागरिकमा समेत निराशा पैदा भएको जनाइएको छ । केही आयोजनाको प्रगति प्रभावकारी भए पनि केही आयोजनाको काम भने असाध्यै सुस्त रहेको विषयमा मन्त्री बस्नेतसित छलफल गरिएको थियो ।कुनै आयोजनामा निर्माण व्यवसायीको चरम लापरबाही रहेको पाइएको छ । केही आयोजनामा आयोजना प्रमुख तथा उच्च पदस्थ कर्मचारी नबस्ने, केहीका विस्तृत परियोजना प्रतिवेदनअनुसार नै काम हुन नसकेको अवस्था रहेको विषय छलफलमा उठेको थियो ।सुनकोशी मरिण डाइभर्सन आयोजनाको सुरुङ निर्माणको काम प्रभावकारी रुपमा अगाडि बढिरहेको र त्यसले एउटा मानक स्थापित गरिरहेको भए पनि बाँध तथा विद्युतगृह निर्माणमा अपेक्षित प्रगति हुन नसकेको जनाइएको छ । भेरी बबई डाइभर्सन आयोजनाको सुरुङ निर्माण सम्पन्न भएको दुई वर्षभन्दा बढी भए पनि बाँधस्थल र विद्युत् गृह निर्माणको काम कछुवाको गतिमा मात्रै अगाडि बढेको विषयमा पनि छलफल गरिएको थियो ।रानी जमरा कुलरिया सिँचाइ आयोजनाको भौतिक निर्माण करिब अन्तिम चरणमा छ । सिक्टा सिँचाइ आयोजनाको एउटा खण्ड पूरा भए पनि अर्को खण्डको काममा उल्लेख्य प्रगति देखिएको छैन । एकीकृत तराई मधेस सिँचाइ कार्यक्रम, टार सिँचाइ कार्यक्रमलगायतका कार्यक्रममा पनि गति लिन सकेको छैन ।निर्माण व्यवसायीको कमजोर कार्यसम्पादन, वन क्षेत्रको जग्गा प्रयोग, वातावरणीय तथा अन्य समस्याका कारण अपेक्षित प्रगति हुन नसकेको आयोजनाका सम्बद्ध अधिकारीको दाबी छ । जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक चूर्णबहादुर ओलीले कूल १५ लाख हेक्टरमा सिँचाइ सुविधा पुगेको र निर्माणधिन आयोजना सम्पन्न भएपछि कृषि क्षेत्रमा समेत उल्लेख्य प्रगति हुने बताए । निर्माणाधीन आयोजना सम्पन्न गराउन सरकारी निकायबीचको समन्वय, प्रभावकारी रुपमा निर्माण व्यवसायीको परिचालन, बजेटको उचित प्रबन्ध तथा निर्माण स्थलमा सहजीकरण जरुरी रहेको उनको भनाइ छ । मन्त्री बस्नेतले योजना तय गर्दा नै वस्तुनिष्ठ बनाउन, कार्यान्वयनमा जानुपूर्व आवश्यक तयारी गर्न र बजेटको सदुपयोग हुने वातावरण बनाउन तथा आयोजनाको प्राथमिकीकरणलाई ध्यान दिन निर्देशन दिए । उनले इमान्दार भएर आयोजनालाई समयमै सम्पन्न गर्ने वातावरण बनाउन मन्त्री बस्नेतले आग्रह गरे । सिँचाइ सचिव सुशीलचन्द्र तिवारीले चालु आवका लागि निर्धारण गरिएका योजनाको सहज कार्यान्वयनका लागि के कस्ता उपाय अवलम्बन गर्नुपर्ने हो त्यसका लागि सहजीकरण गर्न मन्त्रालय तयार रहेको बताए । उनले आयोजना प्रमुख जिम्मेवार भएको खण्डमा धेरैजसो समस्या समाधान हुने विश्वास दिलाउँदै बजेट र अन्तर निकाय समन्वयको काममा मन्त्रालय जिम्मेवार भएर लागिपर्ने विश्वास दिलाए । विभागका उपमहानिर्देशकलगायतका उच्च अधिकारीले विगतका कमजोरी सुधार गरेर सरकारको लक्ष्य पूरा गर्ने दायित्व आफूहरुको भएको जनाउँदै कार्यशैली सुधार गरेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# कांग्रेस बैठकमा मन्त्रीहरुको पालो

**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाली कांग्रेसको शुक्रबार बस्ने केन्द्रीय कार्यसमिति बैठकमा पार्टीका तर्फबाट सरकारमा सहभागी मन्त्रीहरुले कार्यसम्पादनबारे जानकारी दिने भएका छन् । बिहीबारदेखि जारी बैठकमा मन्त्रीहरुको कार्यसम्पादनबारे छलफल भएको थियो । बैठकले शुक्रबार मन्त्रीहरुलाई कार्यसम्पादन विवरण प्रस्तुतिका लागि निर्देशन दिएको थियो । पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय समिति बैठकको पहिलो दिन पनि स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले मन्त्रालयले गरेका कामकारबाहीबारे जानकारी गराएका थिए । बैठकमा मन्त्री बस्नेतसहित १८ जना केन्द्रीय सदस्यले धारणा राखेका थिए । बैठकमा पार्टी महामन्त्री विश्वप्रकाश शर्माले पेस गरेको पार्टीको साङ्गठनिक गतिविधि, महासमितिको तयारी, मेलमिलाप दिवसको तयारी, समुदायमा कांग्रेस कार्यक्रम, पार्टीका नेताहरुले सम्हालेका मन्त्रालयको कार्य सम्पादनमाथि छलफल जारी छ । यस्तै बैठकमा आसन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा पार्टीका तर्फबाट उम्मेदवार छनौटका विषयमा समेत छलफल भएको र अधिकांश वक्ताले पार्टीमा अवसर नपाएका पुराना नेता र सम्भावना बोकेका युवा नेताको प्रतिनिधित्व हुने गरी उम्मेदवार छनौट गर्न धारणा राखेका थिए ।

# हेटौंडामा देशभरका मुख्यमन्त्रीहरु

**मधेशदृष्टि**
**हेटौंडा ।**
बागमती प्रदेशको राजधानी हेटौंडामा सातै प्रदेशका मुख्यमन्त्री भेला भएका छन् । सङ्घीयता कार्यान्वयनका सन्दर्भमा संविधानमा व्यवस्था भएको तहगत अधिकारबारे छलफल गर्न सातै प्रदेशका मुख्यमन्त्रीको बैठक शुक्रबार बस्न लागेको हो । बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले संविधानमा व्यवस्था भएको प्रदेश र स्थानीय सरकारको अधिकार बाँडफाँडमा देखिएको समस्याका विषयमा छलफल गर्नुका साथै संविधान कार्यान्वयनका लागि आवश्यक सुझाव दिने उद्देश्यले गोष्ठी आयोजना गरिएको जानकारी दिएको छ । सातै प्रदेशका मुख्यमन्त्रीको सहभागितामा हुने गोष्ठीमा तीनै तहका सरकारको साझा अधिकारको विस्तृतीकरण र कानुन निर्माण प्रक्रिया, वित्त–आर्थिक विकास क्षेत्र, सेवा क्षेत्र, पूर्वाधार क्षेत्र र वन वातावरण तथा विपत् व्यवस्थापन क्षेत्रबारे कार्यपत्र प्रस्तुतिसँगै छलफल हुने बताइएको छ । असार १५ र १६ गते पोखरामा भएको मुख्यमन्त्रीहरूको अन्तर प्रदेश बैठक र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा बसेको राष्ट्रिय समन्वय परिषद्को बैठकमा भएका निर्णय कार्यान्वयनको समय गुज्रिन लाग्दा पनि सङ्घले निर्णय कार्यान्वयनमा तदारुकता नदेखाएपछि मुख्यमन्त्रीहरू छलफलमा जुट्न लागेका हुन् । शुक्रबार हुने कार्यक्रममा सातै प्रदेशका प्रमुख सचिव, मुख्य न्यायधिवक्ता, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासङ्घका पदाधिकारीको सहभागिता रहने बताइएको छ । मुख्यमन्त्री कार्यालयका अनुसार छलफलपछि शुक्रबार साझा प्रतिवेदनसमेत अनुमोदन गर्ने कार्यक्रम छ ।

# केदारस्यु गाउँपालिकाले गर्यो बझाङमा पहिलो रंगशाला निर्माण

**आशिष बहादुर सिंह**
**बझाङ ।**
केदारस्यु गाउँ पालिका झोतामा निर्माणाधीन रंगशालाको काम सम्पन्न भएको छ । गाउँ पालिकाले आफूसँग भएको स्रोत साधन प्रयोग गरि गाउँपालिकाकै लगानी बाट निर्माण सम्पन्न गरेको हो । केदारस्युका स्थानीय झोता सुडिखोलाका ३५ गिरी परिवार, करिब ६ बिघ र कडायत परिवारको गरी १ बिघा भन्दाबढी जमिनमा रंगशाला निर्माण गरेको केदारस्यु गाउँपालिका अध्यक्ष गणेश बोहराले बताए । जिल्लामै पहिलो खेलमैदान बनाउन सफल भएको छौं । हामीलाई साथ सहयोग गर्ने जग्गादाता लगायत यस कार्यमा सहयोग गर्ने सम्पूर्ण स्थानीयलाई धन्यबाद दिँदै पालिकाभिलबन्न लागेका सबै काममा पनि स्थानीयसँग हातेमालो गर्दै अगाडी बढ्ने बोहराले बताए ।विसं २०८० पौष महिनाको १८ गते हुन लागेको राष्ट्रपति रनिङ शिल्ड लक्षित गरेर गाउँपालिकाले चाडो काम सम्पन्न भएको देख्दा स्थानीय हर्क बोहरा खुशी व्यक्त गरे । जिल्ला स्तरमा हुने प्रायजसो खेलहरुमा केदारस्यु गाउँपालिका भित्र रहेका खेलाडीप्रदर्शनीकालागि पहिलो र दोस्रो स्थान हासिल गरिरहेको छ । आउने दिनमा पनि खेलाडीहरुको क्षमता विकासका लागि गाउँपालिकाले हर प्रयास गर्ने, प्रदेश र संघलाई पनि बझाङको २ नम्बर क्षेत्रको केन्द्रबिन्दु झोता भएकाले अपुग रकम बजेट संघ र प्रदेशलाई व्यवस्थापन गरिदिन पनि गाउँपालिकाले माग गरेको छ ।

# राज्यको लुटकारी चरित्र............

उल्लेख गर्दै अध्यक्ष साहले यस्तो अवस्था किन र कसका कारण आयो भनेर प्रश्न गरे । मधेशमा विगत ६ वर्षदेखि एउटै पार्टीको सरकार हुँदा पनि मधेशको विकास हुन नसकेको उनको भनाइ छ । उनले मधेशमा 'बेटी पढाउँ–बेटी बचाउँ' अभियानमा समेत भ्रष्टाचार भएको र यसले मधेश प्रदेशलाई नै बदनाम गरेको जिकिर गरे । पछिल्लो समय आमजनता पार्टीले भन्सार ऐन विभेदकारी भएको भन्दै आन्दोलनसमेत गर्दै आइरहेको छ । सोही कुरालाई लिएर अध्यक्ष साहले भन्सार कार्यालयबाट दिइने ४५ प्रतिशत पुरस्कारको व्यवस्था सोझा नागरिकलाई लुट्ने अस्त्र भएको टिप्पणी गरे । भन्सार नियमावलीको व्यवस्थाअनुसार कुनै चोरीनिकासी वा पैठारीको मालसामान पक्राउ गरी भन्सार कार्यालयमा बुझाउनेलाई ३० प्रतिशत र त्यसको सुराक दिनेलाई १५ प्रतिशत गरी कूल रकमको ४५ प्रतिशत रकम पुरस्कारस्वरूप व्यक्तिलाई दिने व्यवस्था छ । सोही व्यवस्थालाई लिएर पछिल्लो समय आमजनता पार्टीले विरोध गर्दै आइरहेको छ । कार्यक्रममा आमजनता पार्टीका प्रदेश अध्यक्ष उमेश कुशवाहाले बैंकहरुले लिने गरेको मनोमानी ब्याज फिर्ता गराउन लघुवित्त र सहकारीको ऋण मिनाह गराउन संघर्ष गरिने बताए । आमजनता पार्टीका बारा इन्चार्ज अशोक लामाले बैंक तथा लघुवित्तले सर्वसाधारण जनता लुटिरहेको विषय पार्टीले गम्भीररुपमा उठाएको बताए । बैंक तथा वित्तीय संस्थाबाट जनता पीडित भएको विषय उठाउनु चुनौतीपूर्ण रहेकाले सबैको साथ आवश्यक भएको बताए । त्यस्तै, पार्टी स्थायी कमिटी सदस्य सुधीर यादवले देशको सबैभन्दा ठूलो रोग भ्रष्टाचारविरुद्ध पनि सबै मिलेर लड्नुपर्ने बताए । अन्तरक्रियामा हरिबेतान क्याम्पस प्रमुख किशोरी राय यादव, रेडियो वीरगंज, टिभी वीरगंज तथा मधेशदृष्टि दैनिकका अध्यक्ष ध्रुव साहलगायतले सबै राजनीतिक दलले जनतालाई पीडा भन्दा पनि राहत दिने गरी काम गर्नुपर्ने धारणा राखेका थिए ।

# पशुपति क्षेत्र विकास कोषको गुरुयोजना शीघ्र पारित गर्न निर्देशन




**रासस**
**काठमाडौं ।**
अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले पशुपति क्षेत्र विकास कोषको कार्यकारी निर्देशकको नियुक्तिमाथि प्रश्न उठाउँदै निजको शैक्षिक योग्यताबारे छानबिन गर्न निर्देशन दिएको छ । समितिको बिहीबारको बैठकले कोषको कार्यकारी निर्देशक नियुक्तिप्रति व्यापक विरोध भएको जनाउँदै निजको नियुक्तिबारे स्पष्ट गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र कोषलाई निर्देशन दिएको हो । समितिले पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशकको नियुक्तिसम्बन्धी कागजात तीन दिनभित्र समितिसमक्ष पेस गर्न निर्देशन पनि दिएको छ । पर्यटनमन्त्री पदेनअध्यक्ष रहने पशुपति क्षेत्र विकास कोष परिषद्को हालैको बैठकले कोषको कार्यकारी निर्देशकमा लक्ष्मी पुनलाई नियुक्त गरेको थियो । बैठकमा सांसदहरुले कोषको भेटी व्यवस्थापन, जग्गा, सम्पदाको संरक्षणमा भइरहेको प्रगतिबारे जानकारी दिन आग्रह गरेका थिए । कोषका राजुकुमार खतीले कोषको गतिविधिबारे जानकारी गराएका थिए भने कोषाध्यक्ष नारायणप्रसाद सुवेदीले आयव्यय प्रस्तुत गरेका थिए । समितिले पशुपति क्षेत्र विकास कोषको गुरुयोजना यथाशक्य चाँडो पारित गरी कार्यान्वयनमा लैजान प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पशुपति क्षेत्र विकास कोषलाई निर्देशन दिएको छ ।समितिले पशुपति क्षेत्र विकास कोषको नाममा रहेको सम्पूर्ण जग्गाको शीघ्र यकीन र हालसाविक गरी कोषको नाममा जग्गाधनी प्रमाणपत्र लिने व्यवस्था गर्न कोषलाई निर्देशन दिएको छ । कोषले आनन्द होटल प्रालिसँग गरेको सम्झौताको विवरण पनि तीन दिनभि समितिलाई उपलब्ध गराउन कोषलाई निर्देशन दिएको समिति सभापति राजकिशोर यादवले जानकारी दिए ।

# गहुँको समर्थन मूल्य तोकियो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारले आर्थिक वर्ष २०८०–८१ का लागि गहुँको न्यूनतम समर्थन मूल्य तोकेको छ । बिहीबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ३६ हजार ५० रुपैयाँ तोकेको सरकारकी प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले जानकारी दिइन् । बैठकका निर्णय सुनाउँदै प्रवक्ता शर्माले सरकारले प्रधानमन्त्री कार्यालयको अहिलेको दरबन्दीमा ६८ वटा दरबन्दी कटौती गर्ने निर्णय गरेको बताइन् । यसैगरी सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमतर्फ रिक्त सदस्य सचिव पदमा महेश भट्टराईलाई तोकेको छ ।

# पानीको समस्या समाधान गर्न ताल निर्माण

**मधेशदृष्टि**
**जलेश्वर ।**
महोत्तरीको बर्दिवास नगरपालिका–३ स्थित पाटुमा मधेस प्रदेशकै सबैभन्दा ठूलो ताल निर्माण गर्न लागिएको छ ।यस क्षेत्रमा वर्षेनि हुने पानीको समस्यालाई मध्यनजर गर्दै मधेस प्रदेशको चुरे फेदमा पानी पुनर्भरण गर्ने उद्देश्यले ताल निर्माण गर्न लागिएको बर्दिवासका नगर प्रमुख प्रल्हादकुमार क्षेत्रीले बताए । बर्दिवास–३ स्थित पुछर पाटुमा रहेको रातो नदीको नदी उकास जग्गा दिनप्रतिदिन अतिक्रमण भइरहेको गुनासोलाई मध्यनजर गर्दै स्थानीय सरकारले पर्यटकीय तालको गुरुयोजना अगाडि बढाएको नगर प्रमुख क्षेत्रीले बताए । चुरे अतिक्रमणका कारण दिनदिनै पानीका मुहान सुकिरहेको जनगुनासो बढिरहेका बेला स्थानीय सरकारले 'रिचार्ज' पोखरी र ताल निर्माणमा ध्यान दिन थालेको स्थानीय रमेश खतीले बताए । महोत्तरीको उत्तरवर्ती क्षेत्र बर्दिवासमा बनाउन लागिएको मधेस प्रदेशकै सबैभन्दा ठूलो तालले स्थानीय सरकार चुरे संरक्षणमा संवेदनशील बन्दै गएको उनको बुझाइ छ ।रातो नदीको नदी उकास जग्गालाई उपयोग गर्दै मधेसकै सबैभन्दा ठूलो ताल निर्माण भएपछि यस क्षेत्रमा पानीको समस्या समाधान हुने स्थानीय उमेश पोखरेलले बताए । नदी उकास जग्गाको नाममा चरम अतिक्रमणको चपेटामा पर्दै आएको यस क्षेत्रमा नगरको गुरुयोजनाअनुसार ताल निर्माण भए स्थानीयको आयआर्जनमा मात्र नभइ नगरको मुख्य आयस्रोत बन्न सक्ने बर्दिवास–३ का वडाध्यक्ष विराट विष्टले बताए । ताल परिसरमा चराचुरुङ्गी र वन्यजन्तुसमेतको संरक्षण गर्ने गरी ताल बनाउने योजना नगरपालिकाको छ । साथै बर्दिवास क्षेत्रलाई धार्मिक, सांस्कृतिक र पर्यटकीय हिसाबले स्थानीयको आर्थिक समृद्धिसँग जोड्ने उद्देश्यले ताल निर्माण गर्न लागिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाले बर्दिबासको उत्तर शिरैमा पर्ने पाटुमा रहेको रातो नदीको नदी उकास जग्गामध्ये करिब ४० बिघा क्षेत्रफलमा ताल निर्माण गर्न लागेको हो । त्यो क्षेत्रफलका हिसाबले मधेस प्रदेशकै ठूलो ताल हुने जनाइएको छ । नगरपालिकाले आवश्यक कागजात र प्राविधिक कुरा मिलाइ सकेको तथा चाँडै ताल निर्माणको प्रक्रिया थालनी गरिने नगर प्रमुख क्षेत्रीले बताए ।

# कोरोनाले भारतीय अभिनेताको निधन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारत, तमिलनाडुमा प्रभाव रहेको 'डिएमडिके' राजनीतिक दलका प्रमुख एवम् अभिनेता विजयकान्तको निधन भएको छ । कोरोनाबाट संक्रमित उनको बिहीबार चेन्नमा उपचारक्रममा निधन भएको समाचार एजेन्सीहरुले उल्लेख गरेका छन् । कोरोना पोजिटिभ देखिएपछि उनलाई भेन्टिलेटरमा राखिएको थियो । 'क्याप्टेन विजयकान्त निमोनियाको लागि भर्ना भएपछि भेन्टिलेटरमा राखिएको थियो । मेडिकल स्टाफको अथक प्रयासका बाबजुद पनि आज बिहान उनको निधन भयो,' अस्पतालका चिकित्सकलाई उद्धृत गर्दै समाचार प्रकाशित भएको छ । विजयकान्तलाई नियमित स्वास्थ्य परीक्षणका लागि मंगलबार अस्पताल भर्ना गरिएको थियो । उनलाई यसअघि नोभेम्बर २० मा पनि अस्पताल भर्ना गरिएको थियो । उनमा श्वासप्रश्वासको समस्या देखिएपछि अस्पतालमा उपचार भइरहेको थियो । विजयकान्तले १ सय ५४ वटा फिल्ममा अभिनय गरेका छन् । फिल्मपछि मात्रै उनी राजनीतिमा सक्रिय भएका थिए । डिएमडिके राजनीतिक पार्टी स्थापना गरेर उनी विरुधाचल र ऋषिवन्दियम निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्दै दुईपटक विधान सभा सदस्य भएका थिए । सन् २०११ देखि २०१६ सम्म तमिलनाडु विधानसभामा विपक्षी दलको नेता भएपछि उनको राजनीतिक करियरको ग्राफ बढेको थियो ।

# बैंक खाताबाट रकम चोरी गर्ने ३ जना प्रहरीको फन्दामा







मधेशदृष्टि
रौतहट ।
मोवाईल बैंकिङ्ग मार्फत मानिसहरुको खाताको रकम अनाधिकृत रुपमा चोरी गर्नेलाई रौतहट प्रहरीले पक्राउ गरेको छ । काल्पनिक व्यक्तीहरुको नाममा किर्ते नागरिकता बनाएर बैंकमा खाता खोली अनाधिकृत रुपमा विभिन्न व्यक्तिको खाताम रहेको रकम चोरी गर्ने ३ जनालाई प्रहरी पक्राउ गरेको हो । पक्राउ पर्नेमा गौर नगरपालिका वडा नं. ४ बस्ने २५ वर्षका जितेन्द्र गिरी, वडा नं. ७ बस्ने ३७वर्षका दिपेन्द्र कुमार साह र गुजरा नगरपालिका वडा नं. ६ घर भई हाल चन्द्रपुर नगरपालिका वडा नं.१० बस्ने ४२ वर्षका राज कुमार साह रहेका छन् । प्रहरीका अनुसार उनीहरुले भारतको घोडासहनबाट किर्ते नागरिकता तथा सवारी चालक अनुमती पत्र बनाई सोही कागजातहरुबाट सिमकार्डहरुले ठगे कार्य गरिरहेका थिए । विभिन्न बैंकहरुमा खाता खोली मोवाईल बैंकिङ्ग मार्फत गौर नगरपालिका वडा नं.–४ बस्ने जयप्रकाश राय चनौको एनआईसी एसिया र माछापुच्छे बैंक लिमिटेडको खाताबाट गत असार २९ गतेदेखि पटक पटक गरी बाह्र लाख छयालिस हजार चार सय चालिस रुपैयाँ चोरी गरेका थिए । त्यसैगरी गौर नगरपालिका बड़ा नं.–७ बस्ने मिश्रीलाल साहको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय गौरमा रहेको खाताबाट मिति असार २० गतेदेखि पटक पटक गरी पाँच लाख रुपैयाँ र गौर नगरपालिका वडा नं.२ महादेवपट्टी बस्ने विजय किशोर झाको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय गौरमा रहेको खाताबाट कातिक २९ गते असी हजार रुपैयाँ निकालेका थिए । त्यसैगरी चन्द्रपुर नगरपालिका वडा नं.–९ बस्ने कृष्ण प्रसाद तिमल्सिनाको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय चन्द्रनिगाहपुर रौतहटमा रहेको खाताबाट कातिक ३० गतेदेखि पटक पटक गरी छ लाख एघार हजार दुई सय आठ रुपैया सन्ताउन्न पैसा गरी जम्मा चौविस लाख सैतिस हजार छ सय पचासी रुपैया सन्ताउन्न पैसा चोरी गरेका थिए । विभिन्न व्यक्तिको खाताको रकम अनाधिकृत रुपमा पहुँच पुर्याइ चोरी गरेको घटनाको बारे प्रहरीले थप अनुसन्धान गरिरहेको बताएको छ । रौतहट प्रहरीले घटनामा पक्राउ परेकासँगको सोधपुछ र अनुसन्धानबाट तयार पारिएको प्रतिवेदन पुस ११ गते जिल्ला सरकारी वकील कार्यालय रौतहटमा पेश गरेको छ । केही व्यक्तीहरु फरार रहेको, फरार प्रतिवादीहरुको हकमा खोजतलास तथा थप अनुसन्धान कार्य जारी रहेको रौतहट प्रहरीले जनाएको छ ।

# लिंग पहिचान गरी गर्भपतन गर्ने बढ्दै

मधेशदृष्टि
वीरगंज ।
जिल्ला स्वास्थ्य कार्यालय पर्साको आयोजनामा लिंग पहिचान गरी गर्भपतन गर्नेविरुद्ध प्रचार प्रसार तथा जनचेतना अभिवृद्धि कार्यक्रमको आयोजना गरिएको छ ।नारायणी अस्पताल वीरगंजको सभा हलमा बिहीबार आयोजित कार्यक्रममा चिकित्सक तथा वक्ताहरुले हाल वीरगंज लगायत तराई मधेशका जिल्लामा विभेद हुनेगरी लिंग पहिचान गरेर छोरा वा छोरी छुट्याएर गर्भपतन गर्ने क्रम बढै गएको बताएका थिए ।
यस्ता अवैध गतिविधि नियन्त्रण गर्न प्रभावकारी रुपमा गर्भपतन विरुद्धको प्रचार प्रसार र कानुनी कारवाहीका बारेमा सर्वसाधारणलाई जानकारी गराउनुपर्ने कुरामा वक्तहरुले जोड दिएका थिए । विशेष गरी छोरीको भ्रुण हत्या हुने क्रम बढ्दै गएको र यसलाई नियन्त्रण गर्न नसके समाजमा भयावह अवस्था सृजना हुने हुँदा समयमै सचेत हुनु पर्नेमा वक्ताहरुले जोड दिएका थिए ।
वक्ताहरुले भ्रुण हत्या रोक्न वीरगंज महानगर सहित स्थानीय तहले अनुगमन गरी दोषीलाई कारवाही गर्नु पर्ने, गर्भपतन सम्बन्धी खुलेयाम रुपमा बिक्री वितरण हुने औषधीलाई नियन्त्रण गर्नु पर्ने लगायतका विषयमा समेत जोड दिएका थिए ।जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख डा. मुक्ति नारायण साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति पर्साका उपसभापति पुरण प्रसाद कुर्मी, वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, स्वास्थ्य मन्त्रालयका प्रतिनिधि रोशनी देवी कार्की, नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चित्तरन्जन साह, नर्सिङ्ग प्रशासक सावित्री पौडेल, गाईनोका इन्चार्ज हेमा थापा, प्रभु अस्पतालका संचालक डा. लक्ष्मी थापा, नारायणी सेन्टरका डा.राजेन्द्र चौधरी, डा. विमला महर्जन, वीरगंज महानगरपालिकाका स्वास्थ्य अधिकृत अनिसकान्त कुशवाहा लगायतका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको स्वास्थ्य कार्यालय पर्साकी मिरा कुमारी यादवले जानकारी दिइन् ।

# जिल्ला अधिवेशनका लागि तयारी तीव्र

मधेशदृष्टि
रौतहट ।
नेकपा एमाले रौतहट जिल्ला कमिटीले आफ्नो जिल्ला अधिवेशनलाई सफल बनाउने तयारी तीव्र पारेको छ । पार्टीका पोलिटब्यूरो सदस्य तथा जिल्ला इन्चार्ज पुरुषोत्तमपौडेलको प्रमुख आतिथ्यतामा विभिन्न समिति तथा उपसमितिहरुको संयुक्त बैठकमा दसौं जिल्ला अधिवेशनलाई सफल पार्न छलफल गरेको छ । जिल्ला अधिवेशन उपसमितिका संयोजकहरु र पालिका अध्यक्षहरुको उपस्थितमाबैठकले पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीको प्रमुख आतिथ्यता अधिवेशनलाई भव्य र सभ्य रुपमा सफल गर्न विभिन्न निर्णय समेत गरिएको छ । बैठकले प्रचार प्रसार उपसमितिको बैठक पुस २० गते विहान ११ बजे गर्ने निर्णय गरेको छ । त्यसैगरी मञ्च, हल तथा खाना उपसमितिको बैठक पुस २० गते नै दिउँसो १०ः०० बजे र स्वयंसेवक उपसमितिको बैठक पुस २१ गते गर्ने निर्णय गरेको छ । त्यसैगरी जनपरिचालन र आर्थिक संकलन उपसमितिको बैठक पुस २२ गते गर्ने जिल्ला प्रचार विभाग प्रमुख रुपेश पटेलले बताएका छन् । बैठकमा नेता पौडेल, केन्द्रीय सदस्यउद्धव रेग्मी, अजय गुप्ता, रेखा झा, राजकिशोर यादव, प्रदेश कमिटी सदस्यहरुको सहभागिता रहेको थियो ।

# लुटपाटमा संलग्न २ युवक समातिए




मधेशदृष्टि
रौतहट ।
कटहरिया नगरपालिकामालुटपाटमा संलग्नदुईजनायुवकपक्राउ परेका छन्।
ईलाकाप्रहरी कार्यालय कटहरियाकाप्रमुख सई अरुण कुमार सिंहको नेतृत्वमागएको टोलीले वडा–४ बहादुरपुरका ३१ वर्षीय नसिब बैठा र वडा–५ पानी व्याङ्कीका३६ वर्षका शंकर साह सोनार लाई पक्राउ गरेको हो ।पक्राउ परेका दुवैजनाले स्थानीय७० वर्षीय आलममियाँम्न्सुरीको साथमा रहेको ८२ हजार रुपैयाँबिहीबार बिहान लुटेर भागेका थिए। घटनाको खबर लगत्तै खोजतलासमा जुटेको सई सिंहको टोलीले नगरपालिका ५ गाउँ छेउबाट सोनार र बैठालाई नियन्त्रणमा लिएको थियो । उनीहरुको साथबाट प्रहरीले ५१ हजार रुपैयाँ बरामद गरी आवश्यक कारवाहीकालागि ईलाकाप्रहरी कार्यालय गरुडा पठाईएको जिल्लाप्रहरी प्रवक्ता डिएसपी एलिजागिरीले बताए।
पक्राउ परेका सोनार र बैठा पछिल्लो लामो समयदेखि बिहानैदेखि मदिरा सेवनतथालागुऔषध समेत प्रयोग गर्दैआएको स्थानीयहरुले बताएका छन् ।

# १५ लाख बराबरको मोबाइलसहित पक्राउ

मधेशदृष्टि
बारा ।
जिल्लाप्रहरी कार्यालय बाराले भन्सार छलेर नेपाल भित्राइएका १५ लाख बराबरको मोबाइलसहित एक जनालाई पक्राउ गरेको छ ।
प्रहरीले बारागढी गाउँपालिका वडा नं ३ खोपवा टोल बस्ने रुपन भन्ने रुपनारायण चौधरीलाई पक्राउ गरेको हो । बाराका निमित्त प्रवक्ता प्रहरी निरीक्षक विरेन्द्र राज गुरुङका अनुसार चौधरीले अवैध रुपले भन्सार छलीका मोबाइलहरु लुकाईछिपाई राखेको सूचना प्रहरीमा आएको थियो ।
सोही सूचनाको आधारमा खानतलासी गर्दा चौधरीको घरबाट त्यतीमूल्य बराबरको मोबाइल बरामद भएको निमित्त प्रवक्ता गुरुङले बताए । उनको साथबाट विभिन्न कम्पनीका ५१ थान मोबाइल सेटहरु, ४८ थान चार्जर, ९ थान ब्याट्री र १४ थान मोबाईल कभर फेला परेको बताए । बरामद सामान सहित पक्राउ परेका चौधरीमाथि अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# अबैध काँचो चिरपट दाउरा बरामद

मधेशदृष्टि
वीरगंज ।
पर्साको पर्सागढि नगरपालिकाबाट अवैध रुपले राखिएको काँचो चिरपट दाउरा बरामद भएको छ ।वडा नं. ७ फुलवरिया टोलस्थित छटघाट नदि किनारमा छुट्टाछुट्टै स्थानमा लुकाई छिपाई राखिएको अवस्थामा दाउरा बरामद भएको हो ।ईलाका प्रहरी कार्यालय एकटाङ्गा, बिन्दबासिनी कोइलाभार बडनिहार साझेदारी वन गस्ती टोली र सब डिभिजन वन कार्यालय रङ्गपुरबाट संयुक्त रुपले खटिएको टोलीले तीन व्याक्टर बराबरको दाउरा बरामद गरेको हो ।बरामद दाउरा तस्करको खोजी कार्य भईरहेको ईलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केसरीले जनाए ।दाउरा आवश्यक कारवाहीका लागि सब डिभिजन वन कार्यालय बडनिहारमा राखिएको बिन्दबासिनी कोईलाभार बडनिहार साझेदारी वन समितिका अध्यक्ष महमद रिजवानुल हकले बताए ।

# मिटरब्याजीले कुटपिट गरेको विरोधमा पीडितको धर्ना

मधेशदृष्टि
सिरहा ।
मिटरब्याजीले कुटपिट गरेको भन्दै जिल्लाप्रहरी कार्यालय सिरहा आगाडि पीडितहरु रातभर धर्ना बसेका छन् । विष्णुपुर गाउँपालिका १का मिटरब्याजीश्यामनिरौलाले सिरहाजिल्लाअदालतमा पीडितद्वय रौदीयादव र सुकुमारी साहलाई कुटपिट गरेको भन्दै पीडितहरु रातभर धर्ना बसेका हुन् । निरौलालाई कारबाहीको मागगर्दै दिएको जाहेरी दर्ता गर्न प्रहरीले नमानेपछि बुधबार रातभर धर्ना बसेको मिटरब्याज पीडित संघर्ष समितिका केन्द्रीयअध्यक्षमनोज पासवानले जानकारी दिए । बिहीबार बिहान७ बजे प्रहरीले मिटरब्याजीनिरौला विरुद्ध जाहेरी लिएपछि धर्ना स्थगित गरेको उनले बताए । निरौलामाथि पीडित कुलतीदेवीयादवले दिएको ‘अपमानजनकअमानवीय सम्बन्धी कसुर’ शीर्षकमाजाहेरी दर्ता गरिएको सिरहाकाप्रहरी उपरीक्षक (एसपी) टेकुनन्दइवालिम्बुले जानकारी दिए । निरौलालाई बुधबार अदालतमैबाटै नियन्त्रणमा लिएर मेडिकल गरी हिरासतमा राखेको एसपीलिम्बुले बताए । मिटरब्याज पीडित संघर्ष समितिका संयोजकपासवानकाअनुसार अदालतमै पीडितमाथि कुटपिट हुँदाप्रहरीले मिटरब्याजीलाई जोगाएर गाडीमा जिल्लाप्रहरी ल्याएकाथिए । तर, प्रहरीले जाहेरी दर्ता गर्न मानेनन् । उल्टै लाठीचार्ज गर्दै धपाउने भनेर प्रहरीले धम्काएपछि रातभरि धर्ना बसेको उनको भनाइ छ । एसपीलिम्बुले भने पीडितलाई कुटपिट गर्ने निरौलालाई नियन्त्रणमा लिएर जाहेरी दर्ता गर्न आफूहरु तयार रहेकै अवस्थामा पीडितहरु विनाऔचित्य रातभर धर्ना बसेको दाबी गरे ।

# ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

मधेशदृष्टि
रौतहट ।
जिल्लामा ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । रौतहटको चन्द्रपुर नगरपालिका वडा नम्बर २ स्थित पूर्व–पश्चिम राजमार्गको पौराई चोक नजिक बुधबार साँझट्रकको ठक्करबाट मोटरसाइकल चालक महोत्तरीको एक युवकको मृत्यु भएको हो । नवलपरासीबाट लहानतर्फ जाँदै गरेको ना ६ ख ४६४२ नम्बरको ट्रकले ना ४७ प ६८८० नम्बरको मोटरसाइकललाई पछाडिबाट ठक्कर दिँदा मोटरसाइकल चालक महोत्तरीको जलेश्वर नगरपालिका–२ इटहर्वाकट्टीका ४० वर्षीय अविनाश कुमार मण्डलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । ट्रकको ठक्करबाट घाइते मण्डललो उपचारका क्रममा चन्द्रपुर अस्पतालमा मृत्यु भएको हो । ठक्कर दिने ट्रक र त्यसका चालक झापाको शिवसताक्षी नगरपालिका–१ घर भएका रमेश ढकाललाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।




शीतलहर तथा चिसोबाट बच्ने उपायहरू

प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।

छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी

नयाँ सूचनाले नयाँ नवीन र ताजा
विचार जागृत गराउँछ।
–जिग जिगलर

## सम्पादकीय

# सरुवा भएका सचिवको मधेशमोह

केही दिनअघि मात्रै समाचार आएको थियो, 'दुर्गममा सरह सुविधा नभएकाले कर्मचारी मधेशमा आउनै मानेका छैनन् ।' यति लज्जासहित कर्मचारी मधेशबारे बोल्न हिच्किचाउँदैनन् । उनीहरुलाई डोल्पा र धनुषा उस्तै लाग्छ । त्यसैले वीरगंज भन्सारबाहेक अन्यत्र आउन मन लाग्दैन पनि । मधेशका आठ जिल्ला, १ सय ३६ स्थानीय तह, बिजुलीको पहुँच, सुगममा पनि दुर्गमको जस्तो भत्ता पाए आउने भनेर लोकसेवा पासहरुले गरेको मधेशको उपहासबारे हामीले पटकपटक समाचार बनाइसकेका छौँ । तर सबै कर्मचारी यस्ता हुँदैनन् । मधेशमै कोही कोही यस्ता पनि कर्मचारी भेटिए, जो सरुवा भएको महिनौँ बित्दा पनि रमाना नबुझी खुरुखुरु बजेट सकाउन लागिरहेका छन् । अझ मधेशमा नयाँ शक्ति बनेर उदाएको जनमत पार्टीकै मन्त्रालयका कर्मचारीले यसो गरेपछि विरोध पनि कसले गर्ने ? 'स्वराज' अभियान चलाउनेहरुकै संरक्षणमा रमाना नबुझ्ने कर्मचारीबारे समाचार पनि तपाईंहरुले पढिहाल्नु भयो । यो समाचारले भन्छ, 'कर्मचारीलाई मधेशको कम्ता माया छ ।' त्यही भएर त सरुवा भएर पनि रमाना बुझ्न एउटा मन्त्रालयका सचिवलाई फिटिक्कै मन लागेको छैन ।

मधेश प्रदेश सरकारको शिक्षा तथा समाज कल्याण मन्त्रालयका सचिव लक्ष्मी प्रसाद भट्टराई यस्ता कर्मचारी हुन्, जो सरुवा भएको महिनौँ बित्दा पनि रमाना चिठ्ठी नबुझी मधेशमा कार्यरत छन् । उनलाई असोज ९ गते नै संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले कोशी प्रदेश, प्रदेश प्रमुखको कार्यालयमा सरुवा गरेको थियो । तर सचिव भट्टराईले सुरुमा सरुवा रोक्न चलखेल गरे । यसमा उनका विभागीय मन्त्री महेश प्रसाद यादवले पनि सकेको कसरत गरे । कारण स्वराज अभियानकै नेता अनिता साह सरुवा गर्ने मन्त्रालयमा तालुकदार थिइन् । त्यसैले मन्त्रीको पनि रुचि भएपछि सचिवले मधेशमै बस्ने जोड गरे । तर संघीय मन्त्री अनिता साहले प्रदेश मन्त्री यादव र सचिव भट्टराईको रहरमा पानी छम्किदिएपछि उनीहरु गुपचुप मन्त्रालय चलाइरहेका छन् । स्रोतका अनुसार, निजी स्वार्थ पूरा गर्न सचिवले रमाना नबुझेको र मन्त्रीले पनि सकेसम्म ढाकछोप गरेको बताइएको छ । सचिव भट्टराई सरुवा भएको महिनौँ बित्दा पनि पुरानो बजेट चलाउन रमाना नबुझेर बसिरहेका मात्र छैनन्, केही सरसामान खरिदमा लामो हात पनि गरिरहेका छन् ।

सचिवले रेडबुकमा राखेका योजना चलाउने रहरले सरुवाको चिठ्ठी नबुझेका हुन् । उनी सरुवामा असन्तुष्ट पनि बने । प्रदेश राजधानी जनकपुरधाम भन्दा बढी संघीय राजधानी काठमाडौँमै बस्ने सचिव भट्टराईले शिक्षामन्त्री महेश प्रसाद यादव र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको साँठगाँठमा रमाना नलिएर धमाधम सामग्री खरिद गरेपछि त्यसको छानबिनको माग उठेको छ । पुरानो हिसाबकिताब मिलाउन शिक्षा तथा समाज कल्याण मन्त्रालयका मन्त्री एवम् जनमत पार्टी मधेश प्रदेशको संसदीय दलका नेता महेश प्रसाद यादवको संहयोगमै संघीय मन्त्रालयको निर्णय अटेर भइरहेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निजामती सेवा नियमावली २०५० को नियम ४० बमोजिम रमाना दिई ७ दिनभित्र सरुवा भएको स्थान जानुपर्ने उल्लेख छ । उसो त प्रदेश मन्त्री यादवले सरुवा भएका सचिवलाई पनि काम लगाएर स्वराज अभियानको पनि खिल्ली उडाइरहेका छन् । ढिलोचाँडो यो विषय छानिबन हुने नै छ ।

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# सरकारको एक वर्ष सञ्चार क्षेत्रमा नीतिगत पहल



बबिता बस्नेत

२०४७ सालको संविधानले मौलिक हकको रुपमा सूचनाको हक र छापाखाना तथा प्रकाशनसम्बन्धी हकलाई विशेष महत्व दिई पहिलोपटक स्थापित ग¥यो। संविधानप्रदत्त हकलाई कार्यान्वयन गर्दै २०४८ मा छापाखाना र प्रकाशनसम्बन्धी ऐन जारी गरी कार्यान्वयनमा आयो भने २०४९ मा राष्ट्रिय सञ्चार नीति बनाई लागू गरियो। नीतिले पत्रपत्रिका, प्रसारण, सूचना, सरकारी क्षेत्रमा रहेका सञ्चार माध्यमदेखि हुलाक, दूरसञ्चार, चलचित्र हुँदै प्रेस काउन्सिलसम्म सूचना तथा सञ्चारसम्बन्धी सम्पूर्ण निकाय समेटेको थियो।

विसं २०६२–६३ को आन्दोलनपछि गठित सरकारले मुलुकका विभिन्न क्षेत्रमा परिवर्तनका लागि नीतिगत प्रयास सुरु ग¥यो । यसैक्रममा पत्रकारिता क्षेत्रको संस्थागत विकासका लागि उच्चस्तरीय मिडिया आयोग गठन भयो। संविधान तथा कानुनविद् राधेश्याम अधिकारीको अध्यक्षतामा गठित १३ सदस्यीय उच्चस्तरीय मिडिया सुझाव आयोगमा सहभागी हुने अवसर व्यक्तिगत रुपमा मलाई पनि मिलेको थियो। विसं २०६३ असार १९ गते मन्त्रिपरिषद्ले निर्णय गरी गठन भएको आयोगको समयावधि जम्मा दुई महिना मात्र तोकिएको थियो। आयोगले समयसीमाभित्रै कार्य सम्पन्न गर्न विभिन्न समिति बनाएर काम ग¥यो। प्रत्येक दिन बिहान सबेरैदेखि राति अबेरसम्म समितिका सदस्यले अथक परिश्रम गरेर तयार गेरको प्रतिवेदनमा पत्रकारिता क्षेत्रको पुनःसंरचनाको निम्ति विविध पक्षमा सुझाव समावेश गरियो।

**आमसञ्चार नीति**

नेपालको संविधान (२०७२) जारी भएपछि फेरि राष्ट्रिय आमसञ्चार नीति बन्नुपर्ने विषय प्राथमिकतामा प¥यो। सरकारले कानुनविद् काशीराज दाहालको अध्यक्षतामा नेपाल पत्रकार महासङ्घ र प्रेस काउन्सिल नेपालका अध्यक्षसहित पत्रकारका आस्थागत तथा विषयगत सङ्घ सङ्गठन र विज्ञसमेत सहभागी गरेर सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समिति गठन ग¥यो। समितिले लामो समयको विस्तृत अध्ययनपछि सरकार समक्ष प्रतिवेदन बुझायो। तत्कालीन सूचना तथा सञ्चार मन्त्री शेरधन राईको तदारुकताका कारण समितिले बुझाएको दुई दिनमै प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारले जस्ताको तस्तै रुपमा राष्ट्रिय आमसञ्चार नीति २०७३ जारी गऱ्यो। २०७३ साउन ७ गते जारी यो नीतिले सञ्चार नीति २०४९ लाई प्रतिस्थापित गऱ्यो।

राष्ट्रिय आमसञ्चार नीति २०७३ आमसञ्चार क्षेत्रको पछिल्लो नीति हो। यसका आधारमा विज्ञापन ऐन जारी भइसकेको छ भने मिडिया काउन्सिल, आमसञ्चार र अन्य सञ्चार कानुन निर्माणका चरणमा छन् । आमसञ्चार नीतिकै व्यवस्थालाई कार्यान्वियन गर्नका लागि २०७३ पुसमा सरकारले काशीराज दाहालकै अध्यक्षतामा सूचना तथा सञ्चार, अर्थ, कानुन र मन्त्रिपरिषद्को कार्यालयका सचिव र पत्रकारसमेत रहेको राष्ट्रिय आमसञ्चार नीति कार्यान्वयन सुझाव उच्चस्तरीय समिति गठन गरेको थियो। आमसञ्चार नीति २०७३ ले परिकल्पना गरेका ऐनहरुको मस्यौदा र भइरहेका केही ऐनहरुको संशोधन समितिको मुख्य कार्य थियो। यो पृष्ठभूमिलाई हेर्दा प्रजातन्त्रपछिका विभिन्न सरकारले नेपालको आमसञ्चार क्षेत्रलाई व्यवस्थित गर्नका लागि केही न केही प्रयास गरेको देखिन्छ। तर ती प्रयास ठ्याक्कै टुङ्गोमा भने कमै मात्रामा पुग्ने गरेका छन्।

**पछिल्लो एक वर्षमा भएका प्रयास**

सञ्चार, सूचना तथा प्रविधिमन्त्रीको रुपमा रेखा शर्माले कार्यभार सम्हालेपछि आमसञ्चार क्षेत्रको समग्र सुधारका लागि आवश्यक नीति, कानुन तथा नियमनका विषयमा सुझाव दिन सरकार (मन्त्रीस्तरीय) ले २०७९ फागुन २६ गते आमसञ्चार क्षेत्र सुधार सुझाव समिति गठन ग¥यो। डा. सुरेश आचार्य संयोजक, विपुल पोखरेल, डा. महेन्द्र विष्ट, गोविन्द आचार्य र बबिता बस्नेत सदस्य रहेको समितिले सार्वजनिक सेवा प्रसारण विधेयकमाथि गर्नुपर्ने सुधार र सोको पुष्ट्याइँ, नेपाल मिडिया काउन्सिलसम्बन्धी विधेयकको मस्यौदा, राष्ट्रिय आमसञ्चारसम्बन्धी विधेयकको मस्यौदा र नेपाल आमसञ्चार प्रशिक्षण प्रतिष्ठानसम्बन्धी गरी चार वटा विधेयकको मस्यौदा गरी जेठ १९ गते सरकारलाई बुझायो।

समितिले अन्य नीतिगत तथा संरचनागत सुधारअन्तर्गत सरकारी सञ्चारमाध्यमको पुनःसंरचना, डिजिटल मिडिया तथा सामाजिक सञ्जालगायतका विषयमा पनि सुझाव पेश गरेको थियो । डिजिटल मिडिया तथा सामाजिक सञ्जालका विषयमा समितिले दिएको सुझावमा प्रतिवेदनमा भनिएको थियो, 'डिजिटल मिडिया र सामाजिक सञ्जाल सूचना प्रविधिले सिर्जना गरेको नयाँ अवसर हो । नागरिकको अभिव्यक्ति स्वतन्त्रताको सशक्त माध्यमको रुपमा यसलाई आत्मसात् गर्नुपर्दछ। यसलाई नियन्त्रण गर्ने सोच राख्नुहुन्न तर यसको प्रयोगलाई मर्यादित र व्यापारिक पक्षलाई पारदर्शी बनाउन नियमनको जरुरी छ । सूचना, प्रविधि विधेयकमा यसको प्रयोग, सञ्चालन प्रक्रिया र नियमनको स्पष्ट व्यवस्था हुनुपर्दछ।'

उल्लेखित सुझाव कार्यान्वयनका लागि सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयले काम अघि बढाएको देखिन्छ । सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका २०८० जारी गरिएको छ भने नेपाल मिडिया काउन्सिल विधेयक र राष्ट्रिय आमसञ्चार विधेयकमा सार्वजनिक रुपमा सुझाव आह्वान गरिएको छ । यद्यपि सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नका लागि निर्देशिकाभन्दा पनि कानुनकै आवश्यकता छ।

सामाजिक सञ्जाल निर्देशिकामा के छ ?

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्न सरकारले २०८० मङ्सिर ११ गते जारी गरेको निर्देशिकामा गरिएका मुख्य व्यवस्थामा सामाजिक प्लेटफर्मलाई सूचीकरण गर्ने, सूचीकरण नभएका प्लेटफर्मलाई सरकारले रोक लगाउन सक्ने, सामाजिक प्लेटफर्म सञ्चालकले प्रत्येक तीन वर्षमा आफ्नो विवरण अद्यावधिक गर्नुपर्नेलगायतका कुरा छन्।

यसैगरी सामाजिक सञ्जालमा गर्न नहुने कार्यमा बेनामी, फेक आइडी बनाएर प्रयोग गर्न नहुने, वर्ग, जाति, समुदायलाई लक्षित गरी अभिव्यक्ति शेयर गर्न नहुने, बालश्रम, बेचबिखन, छुवाछूतलगायतका कानुनले बर्जित गरेका कुरालाई प्रचारप्रसार गर्न नहुने, हेट स्पीचको प्रयोग गर्न नहुने, मित्थ्या र भ्रामक सूचना सम्प्रेषण गर्न नहुने, साइबर बुलिङ मानिने कार्य गर्न नहुनेलगायत अन्य कानुनले निषेध गरेका कार्य गर्न नहुने उल्लेख छ।

निर्देशिकामा गुनासो व्यवस्थापनको व्यवस्था गरिएको छ। सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयमा सामाजिक सञ्जाल व्यवस्थापन एकाइको व्यवस्था गरी उक्त एकाइले गुनासो सुन्ने व्यवस्था गरिएको छ । गुनासो सुनुवाइ गर्दा महिला, बालबालिका र यौनिक तथा लैङ्गिक अल्पसंख्यकका मुद्दालाई प्राथमिकता दिनुपर्ने गरी निर्देशिकामा विशेष व्यवस्था गरिएको छ । यता सूचना प्रविधिसम्बन्धी ऐन पनि मस्यौदाको क्रममा रहेकाले निर्देशिकाको कार्यान्वयनभन्दा बढी कानुनको पूर्णतालाई महत्व दिनुपर्ने विज्ञहरुको राय रहेको छ।

**प्राथमिकतामा रहेका विधेयकहरु**

जनताप्रतिको उत्तरदायित्व प्रमुख रहने मान्यता रहेको पब्लिक सर्भिस ब्रोडकास्टिङ (पिएसबी) अब पारित हुने मिडियासम्बन्धी विधेयक हो । राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा छलफलपछि शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा रहेका कारण यसलाई पारित गर्न समय नलाग्न सक्छ। तर पारित गर्नुअघि समितिका सदस्यले विधेयकमा आएका सुझावलाई विधेयकमा संलग्न गर्नु आवश्यक छ । अहिले समितिमा रहेको विधेयकमा सार्वजनिक सेवा प्रसारणमा पदाधिकारीको नियुक्तिदेखि अन्य बिभिन्न दफामा संशोधन परेको छ, जसलाई समितिका अधिकारीले गम्भीरतापूर्वक लिई समावेश गर्नु उपयुक्त हुन्छ।

यसैगरी मिडिया काउन्सिल र राष्ट्रिय आमसञ्चारसम्बन्धी विधेयकमा सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयले मस्यौदा बेवसाइटमा राखेर सुझाव मागेको अवस्था छ । राष्ट्रिय आमसञ्चारसम्बन्धी ऐन समग्र मिडिया क्षेत्रको छाता ऐनको रुपमा आएको छ। जसमा आमसञ्चार संस्थाको दर्ता, इजाजत, अनुगमन तथा नियमनसम्बन्धी कार्य गर्न राष्ट्रिय आमसञ्चार प्राधिकरणको व्यवस्था गरिएको छ।

यसैगरी, पत्रपत्रिकासम्बन्धी व्यवस्थामा पत्रपत्रिकाको दर्ता लगायतको व्यवस्था गरेको छ भने अनलाइन सञ्चार माध्यमसम्बन्धी व्यवस्था पनि यसमा गरिएको छ । प्रसारण र फ्रिक्वेन्सीसम्बन्धी व्यवस्था, आमसञ्चार संस्थाको स्वामित्व हस्तान्तरणदेखि अन्य विभिन्न व्यवस्था पनि यस विधेयकमा गरिएको छ।

यी विधेयकलाई यथाशक्य चाँडो संसद्मा पेश गर्ने, लामो प्रक्रियामा गएर अल्झिनुभन्दा ऐनकै लागि अघि बढ्ने र सोहीअनुसारको संरचना निर्माण गरी कार्यान्वयनमा लैजान सक्ने हो भने यो एक वर्षमा भएका यी महत्वपूर्ण पहलले सार्थकता प्राप्त गर्नेछन्।

# भारी बोकेरै घरखर्चको जोहो



बझाङको देउलेकका परमले बोहरा ३५ वर्षदेखि भारतीय सहर पिथौरागढमा भारी बोक्दै आएका छन् । उनी भारी बोकेरै पाँच छोराछोरीको लालनपालन गर्दै आएको छ । पिथौरागढको सिमलगैर बजारमा मजदुरी गर्दैआएका बोहरा भारी बोकेर पाउने रकमले घरखर्चको जोहो गर्न सहज भएको बताउँछन्।

'नेपालमा रोजगारी पाइँदैन, यहाँ आउने बित्तिक्कै काम पाइन्छ,' नौ वर्षको उमेरदेखि पिथौरागढमा भारी बोक्दैआएका बोहराले भने। उनले केही वर्ष भारतको दिल्ली र बेङ्लुरुमा पनि मजदुरी गरे।

पिथौरागढमा भारी बोक्ने बोहरा एक्लै मात्र होइनन् । उनले जस्तै सुदूरपश्चिम र कर्णाली प्रदेशका सैयौँ नेपाली भारतीय सहरमा मजदुरी गरेरै घरखर्च चलाउँदै आएका छन्। 'यहाँ भारी बोक्ने काम प्रायः नेपालीले मात्र गर्ने गरेका छन्,' बोहराले भने । नेपालमै पसिना बगाउने आफ्नो रहर भए पनि बाध्य भएर विदेशी भूमिमा भारी बोक्नु परेको दुखेसो गरे।

'गाउँमा पहिलाभन्दा अहिले रोजगारी त पाउने गरेको छ, तर मजदुरी गर्न पनि राजनीतिक भेदभाव हुने गरेको छ,' बोहराले भने। भारतमा पनि मजदुरी गर्न सहज नभएको उनको भनाइ छ। 'कुनै दिन काम नपाएर भोकै सुत्नुपर्ने बाध्यता पनि छ,' उनले भने, 'यहाँ पनि कहिले काम पाइन्छ कहिले पाइँदैन, काम गर्न आउने नेपालीको संख्या अत्यधिक छ।'

बोहरासँगै रोजगारीका लागि आएका तीन जना मिलेर दुई हजार रुपैयाँ भाडा तिरेर कोठा भाडामा लिएर बोहरा बस्दै आएका छन्। मजदुरी गर्न आउने जाने क्रम चलिरहन्छ । उनीहरुले घरको खेतीपाती पनि आफैले गर्नुपर्ने बाध्यता छ । 'यहाँको कमाइले लत्ताकपडा लगेर घर जान्छौँ,' बोहराले भने, 'पैसा अभावले छोराछोरीलाई स्कुल पढाउन सकेको छैन।'

बैतडीको पुर्चाैडी नगरपालिका–८ मल्लादेहीका परमानन्द जोशी पनि रोजगारीका लागि पिथौरागढ पुगे । उनी खेतीपातीको काम सकेर रोजागरी खोज्दै पिथौरागढ पुगे । 'मजदुरी गरेबापत दैनिक छ सय रुपैयाँ पाइन्छ,' जोशीले भने, 'घरबाट आएको केही दिनमात्रै भयो ।' उनले ४० वर्षदेखि भारतमा मजदुरी गर्दै आएको बताए । स्वदेशमा परिवार पाल्नका लागि कुनै सीप नचलेपछि बाध्य भएर विदेशिनुपरेको उनले गुनासो गरे। जोशीका तीन छोरा छन् । आर्थिक अभावकै कारण उनीहरुलाई पढाउन नसकेको उन बताए। 'एउटा छोरा रोजगारीका लागि भारतकै बैङ्लुरु गएको छ । दुई छोरा घरमै छन्,' जोशीले भने, 'छोराले पनि नेपालमा रोजगारी पाउन सकेनन्।'

पिथौरागढको बजार पस्दा घरदेश छाडेर मजदुरी गरिरहेका सयौँ नेपाली भेटिन्छन्। तीस वर्षअघि सुदूरपहाडका नेपाली पिथौरागढ पुगेर घिउ बेच्थे। घिउ बेचेर नुन र लत्ताकपडा किन्थे। पहिले वस्तु र बस्त्रको व्यापार हुन्थ्यो। अहिले पसिनाको व्यापार चलेको छ।

बैतडीको पुर्चाैडीका उत्तमसिंह धामीको पनि उही बाध्यता छ । 'यहाँ मजदुरी गरेर घरखर्चको जोहो गर्न थालेको ३५ वर्ष भयो,' धामीले भने, 'छ महिना स्वदेशमा घरखेतको काम गरेर छ महिना यहाँ मजदुरी गर्न आउँछौं ।' बैतडीमा रहेको फलाम खानी उत्खनन गरे आफूहरुले घर नजिकै रोजगारी पाउन सक्ने उनको भनाइ छ।

'हाम्रो देशमा रोजगारी पाउने धेरै सम्भावना छन्। मेरो जिल्ला बैतडीमा फलाम खानी छ। सरकारले उत्खनन त गर्नुप¥यो,' उनले भने, 'सरकारीस्तरबाट स्वदेशमै रोजगारीका लागि पहल नभए अब आउने पुस्ता पनि हामी जस्तै परदेशमा भारी बोक्न बाध्य हुनेछन्।'

पिथौरागढको पुरानो नाम 'सोर' हो । कर्णाली नदीमा पुल बन्नु अघिसम्म सुदूरपश्चिम र कर्णाली प्रदेशका पहाडी जिल्लाका नागरिक नुन लिन पिथौरागढ नै पुग्ने गरेका थिए । अहिले पनि उपचार र किनमेलका लागि उनीहरु पिथौरागढ धाउँछन् । पिथौरागढ बजार क्षेत्रमा पुग्दा सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका सयौँ नेपाली भारी बोक्दै गरेका भेटिन्छन्।

# दलीय स्वार्थले सांसद स्वतन्त्र बन्न सकेनन्ः पोखरेल



“

*‘कानुन बनाउने, संसद् र समितिमा छलफल चलाउने र पारित गराउने जिम्मा मूलतः सरकारकै हो, सरकारको नेतृत्व गरेका दलहरूको हो । प्रतिपक्षले दबाब दिने हो । संविधान जारी भएको आठ वर्ष पूरा हुनलाग्दा पनि कानुन नबनेको विषयमा गम्भीर समीक्षा गर्नुपर्ने समय आएको छ ।’*

*– मेनका पोखरेल*
*प्रतिनिधिसभा सदस्य*

**काठमाडौँ ।**
नेकपा (एमाले) की नेत्री एवं प्रतिनिधिसभा सदस्य मेनका पोखरेललाई सरकारको नेतृत्व गरिरहेका पहुँचवाला नेताहरूले आ–आफ्नो जिल्लामा बढी बजेट छुट्याउने तर विकासको प्रतीक्षामा बसेका र कतै पहुँच नभएका भुइँमान्छेलाई बेवास्ता गर्ने परिपाटी गलत लाग्छ । यो प्रवृत्ति सही होइन भन्नेमा देशभित्र निरन्तर बहस हुँदै आएको छ । सरकारको नीति तथा कार्यक्रम र बजेट सार्वजनिक भएलगत्तै हरेक वर्ष यो विषय सर्वत्र उठ्ने र आलोचना हुने गरेको पाइन्छ । पहुँचवाला सांसदका जिल्ला र निर्वाचन क्षेत्रमा हचुवाका भरमा बजेटको ठूलै हिस्सा लैजाने होड चलेको हुन्छ । राज्यका निकायमा पहुँच नपुग्ने जनप्रतिनिधिका जिल्लामा विकासको आशामा जनता बस्नुपर्ने अवस्था अहिले पनि विद्यमान छ । ‘शक्तिको आडमा यसरी आ–आफ्नो जिल्लामा बजेट लैजाने अभ्यास प्राकृतिक न्यायको हिसाबले पनि ठीक होइन’ नेत्री पोखरेलले भनिन्, ‘विकासको आधारभूत आवश्यकता भएको स्थानमा विकास बजेट छुट्याउनुपर्छ, तर विडम्बना पहुँच र शक्तिका आधारमा बजेट छुुट्याएको पाइन्छ ।’ मुलुकमा सङ्घीयता आएर संविधान जारी भएको यतिका वर्ष बितिसक्दा पनि प्रदेश र स्थानीय तहलाई अधिकार दिनुपर्ने ठाउँमा स–साना टुक्रे योजनाका फाइल बोेकेर सङ्घीय सांसद मन्त्रालय–मन्त्रालय धाउनु सांसद पोखरेललाई सही लाग्दैन । यही मनोदशा प्रदेश सांसदको पनि सुनिएको छ । ‘सैद्धान्तिक रुपमा भन्नुपर्दा सङ्घका सांसदले कानुन निर्माण गर्ने र त्यसको कार्यान्वयन भए–नभएको अनुगमनमा ध्यान दिने हो, स्थानीय तहको विकासका लागि उनीहरूलाई नै जिम्मा दिनुुपर्ने हो’ उनले भनिन्, ‘राष्ट्रिय सरोकारका विषयलाई मात्रै सङ्घका सांसदले जिम्मेवारी बहन गर्नुपर्ने हो ।’ सङ्घीय सरकारले प्रदेश र स्थानीय निकायमा योजना कार्यान्वयन गर्ने जनाउँदै हचुवाका भरमा आफूखुसी रकम विनियोजन गरेको देखिएको छ । निर्वाचित जनप्रतिनिधिमार्फत आफ्ना गाउँठाउँको विकासको कुरा केन्द्रमा पनि पुगोस् भन्ने स्थानीयको माग हुन्छ जुन स्वभाविक भएको नेत्री पोखरेलले बताइन् । ‘हुनतः सांसद भनेको विकास निर्माणमा पनि ध्यान दिने, जनताको दुःखसुखमा हातेमालो गर्ने प्रतिनिधि पनि हुन्’ उनले भनिन्, ‘देशमा सुशासन, विकास र समृद्धिका लागि कानुन बनाउने, नीति तर्जुमा गर्ने र निगरानी गर्ने प्रतिनिधि नै सांसद हुन् ।’
नेपालमा राजनीतिक अभ्यास, जनताको बुझाइ र दलीय स्वार्थका कारण सांसदले स्वतन्त्र ढङ्गबाट काम गर्न नपाएको उनको बुझाइ छ । संसदमा आमरुपमा कुनै एक सांसदभन्दा दलको नेता बढी प्रभावशाली हुने विश्वव्यापी प्रचलन पनि रहेको बताउँदै सांसदलाई स्वतन्त्ररुपमा आफ्ना भनाइ राख्ने वातावरण निर्माण गर्न जरुरी देखिएको उनको भनाइ छ । ‘जनताको बीचमा लोकप्रिय हुन, राम्रो मत पाएर जित्न, म त्यो विकास गर्छु, यो विकास गर्छु भन्नुपर्ने अहिले हरेक सांसदमा बाध्यता छ’, सांसद पोखरेलले भनिन्, ‘जनतामा लोकप्रिय हुन सांसदले विकास निर्माणका काममा पनि ध्यान दिनुको विकल्प छैन, विकास गर्नुपर्छ तर योजनाको स्थिति हेरेर स्थानीय, प्रदेश वा केन्द्रमार्फत गर्नुपर्छ । बजेटलाई आवश्यकताको आधारमा विनियोजना गरिनु उपयुक्त हुन्छ ।’ संविधान र सङ्घीयताको मर्मबमोजिम कानुनहरू बनाउने र त्यसलाई लागू गराउनेतर्फ सरकारले तदारुकता नदेखाएकोप्रति नेत्री पोखरेलले चिन्ता प्रकट गरिन् । ‘कानुन बनाउने, संसद् र समितिमा छलफल चलाउने र पारित गराउने जिम्मा मूलतः सरकारकै हो, सरकारको नेतृत्व गरेका दलहरूको हो । प्रतिपक्षले दबाब दिने हो । संविधान जारी भएको आठ वर्ष पूरा हुनलाग्दा पनि कानुन नबनेको विषयमा गम्भीर समीक्षा गर्नुपर्ने समय आएको छ’ उनले भनिन् । ‘सरकार सञ्चालन गर्नेको हातमा देश र जनताको भविष्य जोडिएको हुन्छ, त्यस्तै, कानुन बनाउने वा नबनाउने जिम्मा पनि सरकारकै हो, प्रतिपक्षले त झक्झक्याउने र खबरदारी गर्ने मात्रै हो’ उनको तर्क छ ।

विधायक भएर एक वर्ष काम गर्दा एउटा मात्र कानुन बनाउन सकिएकोप्रति नेत्री पोखरेलको मनमा सन्तोष छैन । ‘एक वर्षमा एउटा कानुन बनाइयोभन्दा अप्ठ्यारो लाग्छ ।’ संसद् सञ्चालन गर्न राज्यको ठूलो स्रोत साधन खर्च हुने गरेको छ तर कानुन बनाउने काम प्रभावकारी रुपमा नहुने र जनताको आवाज बोकेर आएका जनप्रतिनिधिको सुनुवाइ पनि नहुने हुँदा संसदीय अभ्यासमै जनताले प्रश्न उठाइरहेको नेत्री पोखरेलको अनुभव छ । ‘जनताको प्रतिनिधि भएर सांसदहरू सदनमा आउँछन्, तर जनताको जुन आशा, विश्वास र भरोसा लिएर सदनमा पुग्छौं, त्यस अनुरुप काम हुँदैन’, सांसद पोखरेलले भनिन् ‘सांसदले पाउनुपर्ने भूमिका पाएका छैनन् । जनताका सामु काम देखाउने गरी केही पनि काम गर्न सकिएको छैन, जुन दुःखद् पक्ष हो ।’ संसद्मा जनप्रतिनिधिले उठाएका कैयौँ सवालमा सरकारले गम्भीरतापूर्वक नसुनेको उनको अनुभव छ । जनताका सवाल र विभिन्न सरोकारका विषयमा पटक पटक सदनमा कुराहरू उठाउँदा पनि खासै ध्यान नदिएको उनको बुझाइ छ । ‘सत्तापक्ष र प्रतिपक्ष दुवैतर्फका सांसदको हालत एकै देख्छु ।’ ‘शून्य समय र विशेष समयमा जनताका जनजीविकासँग जोडिएका समस्या बारम्बार उठाइरहेका हुन्छौँ’, उनले भनिन्, ‘तर त्यसको सुनुवाइ नै हुँदैन, सदनमा उठेका विषयको कार्यान्वयन भएको भए कति आनन्द हुने थियो, मनमा सन्तोष मिल्ने थियो ।’ पछिल्लो समयमा उनलाई संसद्मा शून्य वा विशेष समयमा बोल्नुको पनि कुनै अर्थ नभएकोजस्तो महशुस भएको छ । शून्य र विशेष समयमा उठेका समसामयिक र जल्दाबल्दा विषयमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण पनि गराइएको छ, सदनमा उपस्थित भएर जवाफ दिन सरकारका नाममा रुलिङ पनि हुने गरेको छ । तर सरकारले चित्तबुझ्दो जवाफ पनि दिँदैन, काम पनि हुँदैन । यो बिडम्वनाबाट सांसद गुज्रिनुपरिरहेको उनको दुःखेसो छ । ‘व्यक्तिगतरुपमा आफूले जति गर्नुपर्ने हो, त्यो प्रयास गरिरहेका छौँ, तर सामूहिकरुपमा देशको हितका लागि काम गर्ने वातावरण नै भएन ।’ तथापि नेत्री पोखरेल मुलुकमा विकास र सुशासन विस्तारै कायम हुनेमा आशावादी रहन जनतालाई आग्रह गरिन् । ‘नेपाली जनता अहिले नै निरास भइहाल्नुपर्ने स्थिति छैन’, उनले आग्रह गरिन्, ‘राष्ट्रको विकास र समृद्धिमा सबैले ध्यान दिनुपर्छ ।’ विसं २०२२ भदौ ७ गते दाङको तुलसीपुर उपमहानगरपालिका–१९ मा जन्मिएकी उनी अहिले दाङ निर्वाचन क्षेत्र नम्बर २ मा बस्छिन् ।

दाङबाटै समानुपातिक रुपमा एमालेबाट प्रतिनिधित्व गर्दै विधायकको रुपमा काम गर्दै आएकी छन् । विसं २०३६ सालको विद्यार्थी आन्दोलनदेखि राजनीतिक आन्दोलनबाट सक्रियरुपमा लागेकी नेत्री पोखरेल अनेरास्ववियुको दाङ जिल्लाको दुई कार्यकाल अध्यक्ष भएर काम गरेकी छन् । विसं २०४४ सालमा अनेरास्ववियुको केन्द्रीय सदस्य भएर काम गरेकी नेत्री पोखरेल २०४४ सालमा दुई पटक गरी एक वर्ष जेल बसेकी छन् । विद्यार्थी र महिला सङ्गठनले तीज कार्यक्रम गर्दा तत्कालीन राज्यव्यवस्थाविरुद्ध काम गरेको आरोप लगाउँदै उनलाई जेल हालिएको थियो । जेलबाट निस्किएपछि करिब एक वर्ष भूमिगत राजनीतिक जीवन बिताइन् । नेपालमा २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भएपछि उनी सक्रियरुपमा पूर्णकालीन राजनीतिमा आइन् । त्रिभुवन विश्वविद्यालयबाट २०४८ सालमा नेपाली विषयमा स्नातकोत्तर तहमा स्वर्णपदक (गोल्डमेडल) प्राप्त गर्नुभएकी नेत्री पोखरेलले पद्मकन्या स्वर्णपदक समेत प्राप्त गरेकी छन् । अहिले उनी एमालेको केन्द्रीय सदस्य भएर पार्टीको काममा सक्रिय छन् ।

# जनताको आशा बचाउन गम्भीर भएर काम गर्नुपर्छः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जनताको आशा बचाउन गम्भीर भएर काम गर्नुपर्ने बताएका छन् ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित छलफलका क्रममा उनले आगामी वर्षको नीति कार्यक्रम र बजेट निर्माण प्रक्रियामा गुणात्मक परिवर्तन गरिने उल्लेख गरे । प्रधानमन्त्री दाहालले जिम्मेवार निकायले प्रधानमन्त्रीको निर्देशनलाई पालना गर्नुको कुनै विकल्प नभएको बताए । उनले भने, ‘हाम्रो जिम्मेवारी राष्ट्र बनाउनु छ, जनताको आशा बचाउन पनि हामीले गम्भीररूपमा काम गर्नुपर्छ । यतातर्फ गम्भीरतापूर्वक सोच्नुहोला, हामीले काम गर्न सक्दैनौँ भने ठाउँ ओगटिरहन जरूरी छैन, यसमा प्रष्ट हुनुहोला ।’ आफूले देशवासीका नाममा गरेको सम्बोधन सरकारको आगामी वर्षको मार्गचित्र भएको प्रधानमन्त्री दाहालले बताए । देशवासीका नाममा हालै गरेको सम्बोधन अक्षरशः लागू गरिने काम गर्नुपर्नेमा उनले जोड दिए । अब कामका आधारमा मन्त्री तथा कर्मचारीको मूल्याङ्कन गरिने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भने, ‘म अलि उदार भएँ, मन्त्रालयलाई सहज छाडिदिएँ र काम कम भयो कि भन्ने समीक्षामा पनि छु । देशवासीका नाममा भएको सम्बोधनका क्रममा व्यक्त विषयलाई आत्मसात् गर्नुहोला ।’ प्रधानमन्त्री दाहालले आफूले प्रधानमन्त्री कार्यालयको पुनःसंरचना गर्ने उद्घोष गर्दै अन्य काम पनि क्रमशः अगाडि बढ्ने बताए । सरकारको काममा प्रभावकारिता ल्याउन मन्त्रालयगत छलफल थालेको उल्लेख गर्दै उनले जनताका लागि अझ राम्रो काम गर्ने सङ्कल्पका साथ छलफल प्रारम्भ गरिएको बताए । ‘मन्त्रालयले राम्रो काम गरेनन् भने सरकार र प्रधानमन्त्रीलाई आरोप आउँछन्, यसमा सचेत हुनुहोला’ उनले भने । बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले मुग्लिन–पोखरा र नारायणगढ–बुटवल सडकको निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ काम गरिरहेको, नागढुङ्गा सुरूङमार्ग निर्माणको काम अपेक्षित गतिमा अगाडि बढेको, हुम्ला सदरमुकाम सिमकोटसम्म सडक विस्तार र कालोपत्र गर्ने प्रक्रियालाई प्राथमिकता दिइएको बताए । जुनसुकै विकल्पमा गएर भए पनि निर्माण व्यवसायीको पुरानो भुक्तानी टुङ्गो लगाउनुपर्ने उनको भनाइ छ । मन्त्री ज्वालाले स्रोत सुनिश्चिततामा लचिलो प्रक्रिया अपनाउनुपर्ने, राष्ट्रिय गौरवका आयोजनामा बजेटको कमी नहुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने, भौतिक पूर्वाधारका निम्ति देखापर्ने समस्या सम्बोधनका निम्ति छाता कानुन वा उच्चस्तरीय संयन्त्र आवश्यक रहेकामा जोड दिए । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रष्ेठले विकास ऐन तर्जुमालाई उच्च प्राथमिकता दिइने प्रतिबद्धता व्यक्त गरे । मुख्यसचिव डा बैकुण्ठ अर्यालले निर्माण व्यवसायीको बाँकी भुक्तानीको सहजीकरणका निम्ति आवश्यक काम भइरहेको तथा सडक पुलको बजेटमा दायित्वको दबाब बढिरहेको बताए । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव शर्माले मन्त्रालयमार्फत प्रदान गरिने सेवाप्रवाहका निम्ति आवश्यक पर्ने ऐनको मस्यौदा तयार गरिएको उल्लेख गर्दै सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरणको अवधारणाअन्तर्गत नियमावलीको मस्यौदाको काम भइरहेको जानकारी गराए ।

# राष्ट्रियसभा निर्वाचनको तयारीमा आयोग



**मधेशदृष्टि**
**काठमाडौँ ।**
निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि यही पुस २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ताका लागि आवश्यक तयारी गरेको छ ।

आयोगबाट स्वीकृत निर्वाचन कार्यतालिका बमोजिम मनोनयनपत्र दर्ताका लागि उम्मेदवारले संलग्न गराउनुपर्ने कागजातबारे आयोगले स्पष्ट गरेको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालका अनुसार उम्मेदवारले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा, दश हजार रुपैयाँ धरौटी जम्मा गरेको रसिद वा भौचर पेस गर्नुपर्ने छ । महिला, दलित वा अल्पसंख्यक समुदाय वा आर्थिकरूपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा ५० प्रतिशत छुट हुनेछ । आर्थिकरूपमा विपन्न भएको भनी सम्बन्धित स्थानीय तहको सिफारिसपत्र संलग्न हुनुपर्नेछ । मनोनयनका लागि दलको उम्मेदवारको हकमा उम्मेदवार मनोनयनको औपचारिक पत्र, दलित समूहबाट उम्मेदवारी दिने व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानुनबमोजिम अधिकारप्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा आवश्यक पर्नेछ । अपाङ्गता भएका वा अल्पसङ्ख्यक समुदायबाट उम्मेदवारी दिने व्यक्तिले नेपाल सरकारको अधिकारप्राप्त निकायले दिएको अपाङ्गताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ । साथै अल्पसंख्यक समुदायको व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानुनबमोजिम अधिकारप्राप्त निकायले दिएको अल्पसंख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा संलग्न हुनुपर्नेछ । यस्तै प्रस्तावक र समर्थकको नाम, सम्बन्धित प्रदेशसभाका सदस्य वा सम्बन्धित प्रदेशभित्रको गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख वा उपप्रमुख समावेश भएको निर्वाचकमण्डलको मतदाता नामावलीमा नाम दर्ता भएको व्यहोरा खुल्ने प्रमाण, मतदाता नम्बर पनि उल्लेख गर्नुपर्नेछ । साथै, घर सङ्ख्या, घर रहेको स्थान तथा जग्गाको विवरण खुलाइएको उम्मेदवारको सम्पत्ति विवरण, कुनै सङ्घीय कानुनले अयोग्य नभएको भनी गरेको स्वघोषणापत्र, निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुुविधा पाउने कुनै लाभको पदमा बहाल नरहेको भनी गरेको स्वघोषणापत्र पनि आवश्यक पर्ने आयोगले जनाएको छ । उम्मेदवारी दिँदा कुनै लाभको पद वा निर्वाचित पदमा बहालवाला पदाधिकारी भए निजले बहाल रहेको पदबाट राजीनामा दिएको दर्ताको निस्सा, गत प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीबाट नाम फिर्ता लिएको आयोगको पत्रको प्रतिलिपि पनि संलग्न गर्नुपर्ने आयोगले जनाएको छ ।
आगामी फागुन २० गते राष्ट्रियसभामा निर्वाचित १९ र राष्ट्रपतिबाट मनोनित एक सदस्यको कार्यकाल सकिँदैछ ।

# विपद् व्यवस्थापनका लागि एक लाख बढी स्वयंसेवक तयार

**रासस**
**काठमाडौँ ।**
सरकारले विपद् व्यवस्थापन पूर्वतयारी, खोज, उद्धार, राहत र पुनःस्थापनाका लागि सङ्घ, प्रदेश र स्थानीयस्तरमा एक लाख चार सय ४६ स्वयंसेवक तयार गरेको जनाएको छ । प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको बिहीबारको बैठकमा गृहसचिव दिनेश भट्टराईले स्थानीय समुदायको सहभागिता अभिवृद्धिसँगै स्वयंसेवकको पहिचान र परिचालन गर्न ‘स्वयंसेवक व्यवस्थापन सूचना प्रणाली’को विकाससमेत गरिएको जानकारी दिए । उनले भने, ‘विपद् प्रभावितको उद्धार र राहतलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापनमा संलग्न निकायको क्षमता अभिवृद्धिका लागि आवश्यक स्रोत व्यवस्थापन गरेको छु ।’ सचिव भट्टराईले विपद् उद्धार तथा व्यवस्थापनका लागि सबै प्रदेशमा ‘मल्टिपर्पोज रोवोटिक फायर फाइटिङ’ एवं बारुणयन्त्र खरिदको प्रक्रिया तयार भएको बताए । त्यस्तै उनले प्रत्येक प्रदेशमा एउटा मल्टिसिटर एम्बुलेन्स र एक सयवटा फायर पम्प विपद् न्यूनीकरणका लागि निर्माण गरेको बताए । समितिका सभापति मायाप्रसाद शर्माले जाजरकोटमा गएको भूकम्पमा उद्धारमा समस्या नरहे पनि आवास निर्माणमा ढिला भएको बताए । उनले चिसोका कारण त्रिपालमा बसेका सुत्केरी र ज्येष्ठ नागरिकले ज्यान गुमाउनु परिरहेकाले मन्त्रालयले छिटो आवास निर्माण गरिदिन आग्रह गरे । सांसद मदनकुमारी शाहले अब बन्ने कानुनमा विपद्मा परेका पीडितले राहत पाउने गरी नीति÷कार्यविधि निर्माण गर्नुपर्ने बताइन् । कानुन अभावको कारण राहत पाउनबाट बञ्चित हुनुपरेको उनले बताइन् । सांसद नरपति लुवारले जनता आवास कार्यक्रमको फाइदा अन्यत्र एक÷दुई ठाउँमा घर भएका व्यक्तिले उठाउने गरेको बताए । जसका कारण एउटा पनि घर नभएका पीडितले आवासबाट बञ्चित हुनुपरेको पनि उनले बैठकमा जानकारी गराए ।



# एनसेल खरिद बिक्रीबारे छानबिन अन्तिम चरणमा




**मधेशदृष्टि**
**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले एनसेलको शेयर खरिद बिक्रीबारे अध्ययन तथा छानबिन समितिको प्रतिवेदनप्राप्त भएपछि सरकारले निर्णय लिने बताएकी छन् ।

प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बिहीबारको बैठकमा मन्त्री शर्माले छानबिन समितिको काम अन्तिम चरणमा रहेको जानकारी दिँदै समितिको प्रतिवेदन प्राप्त भएपछि मात्र बाँकी कारबाहीको प्रक्रिया अघि बढाउने बताइन् । उनले एनसेलको शेयर खरिद बिक्री प्रक्रिया अहिले स्थगित रहेको बताउँदै दूरसञ्चार ऐनको संशोधनका लागि मन्त्रालय तयारी शुरु गरेको जानकारी दिइन् । 'अहिले समितिले छानबिन गरिरहेको छ । सरकारको कार्यदेशअनुसार समितिले काम अघि बढाइरहेको छ' उनले भनिन्, 'प्रतिवेदन बुझाएपछि मात्र सरकारले आवश्यक निर्णय गर्नेछ ।' गत मंसिर २१ गते बसेको मन्त्रिपरिषद्को बैठकले एनसेलको शेयर खरिद बिक्रीका विषयमा अध्ययनका लागि पूर्वमहालेखा परीक्षक टङ्कमणि शर्मा दङ्गालको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो । समितिले एनसेलको हालै भएको भनिएको शेयर खरिद बिक्री र हस्तान्तरण सम्बन्धमा भए गरेका काम कारबाहीको विस्तृत अध्ययन गरी त्यसबाट नेपालको दूरसञ्चार क्षेत्र र विदेशी लगानीमा पर्ने असर, दूरसञ्चार नियमन र सञ्चालन सम्बन्धमा सुझावसहितको अध्ययन प्रतिवेदन बुझाउने छ । समितिले तत्काल चाल्नुपर्ने कदम तथा दूरसञ्चार क्षेत्रका लागि भविष्यमा गर्नुपर्ने सुधारका लागि पनि राय सुझावसहित ३० दिनभित्र प्रतिवेदन पेस गर्न सरकारले निर्देशन दिएको थियो ।

बैठकमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले दूरसञ्चार ऐन, २०५३ र वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बीच एकरुपता नहुँदा अस्पष्टता देखिएको बताए । उनले एनसेलले शेयर खरिद बिक्रीका लागि प्राधिकरणसँग स्वीकृति नलिएको बताए । उनले भने, 'नेपाल बाहिर नै कारोबार भए पनि प्राधिकरणसँग स्वीकृति लिनुपर्छ ।

प्राधिकरणको विनियमावली, २०७६ को व्यवस्थाबमोजिम शेयर खरिद बिक्रीका लागि दुवै पक्षले निवेदन दिइ प्राधिकरणको स्वीकृतिपश्चात् मात्र कारोबार गर्नुपर्ने देखिन्छ, जुन ऐनसेलको हकमा भएको देखिँदैन ।' कम्पनी रजिष्ट्रार कार्यालयका उपरजिष्ट्रार टोकबहादुर विष्टले पनि यस विषयमा अनुसन्धान जारी रहेको बताए । समितिको बैठकमा समिति सदस्य सुमना श्रेष्ठ, छविलाल विश्वकर्मा, दीपा शर्मा, तोसिमा कार्की र बद्री पाण्डेलगायतले अन्तरसमिति समन्वय विना एनसेलको शेयर खरिद बिक्री प्रकरणमा छुट्टाछुट्टै बैठक एवं निर्देशन जारी गरेकोप्रति असहमति जनाएका थिए । उनीहरुले नियमनकारी निकाय हुँदाहुँदै छुट्टै समितिको गठन गरी छानबिन गर्नाले दोहोरोपनको समस्या सिर्जना हुनसक्ने भन्दै मन्त्रीसमक्ष जिज्ञासा राखेका थिए । एनसेलको ८० प्रतिशत स्वामित्व हस्तान्तरण सम्बन्धमा यसअघि नै सार्वजनिक लेखासमिति, अर्थसमिति र राज्यव्यवस्था तथा सुशासन समितिले छलफल गरेको थियो । मलेसियन टेलिकम कम्पनी एक्जियटा गुरपले आफ्नो स्वामित्वको ८० प्रतिशत बेलायतमा दर्ता भएको स्पेक्ट्रलाइट कम्पनीसँगको शेयर बिक्रीका विषयमा नियमनकारी निकायले समयमा नै जानकार नभएकोप्रति समितिका सदस्यले आशङ्का व्यक्त गरेका थिए ।

# गभर्नर अधिकारीविरुद्ध सर्वोच्चमा रिट दायर




**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको शैक्षिक योग्यतामाथि प्रश्न उठाउँदै सर्वोच्च अदालतमा रिट दायर भएको छ ।
कानुनव्यवसायीहरु दीपकराज जोशी, प्रतापसिंह ठकुराठी, दामोदर तिमिल्सना र चुडामणि भण्डारीले बिहीबार दायर गरेको रिटमा गर्भनर अधिकारीको शैक्षिक योग्यता नपुगेको दाबी गरिएको छ । उक्त निवेदनमाथि शुक्रबार सुनुवाइ हुने सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेले राससलाई जानकारी दिए ।
सरकारले केन्द्रीय बैंकका पूर्वगभर्नर अधिकारीलाई २०७६ साल २४ चैतमा गभर्नरमा नियुक्त गरेको थियो ।

नेपाल राष्ट्र बैंक ऐनको दफा २० मा भएको गभर्नरको योग्यतासम्बन्धी व्यवस्थामा आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित वा कानुनमा स्नातकोत्तर भई त्यही क्षेत्रमा अनुभव हासिल गरेको हुनुपर्ने उल्लेख छ । गभर्नर अधिकारीले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर सरहको समकक्षता लिएको जिकिर गरेको भएपनि ऐनमा स्नातकोत्तर तह उत्तीर्ण भएकै हुनुपर्ने सर्त तोकेकाले समकक्षताको भरमा योग्यता नपुग्ने रिटमा भनिएको छ ।

# बिजुलीको बक्यौता तिर्नैपर्छ, छुट हुँदैनः प्राधिकरण

**रासस**
**काठमाडौँ ।**
नेपाल विद्युत् प्राधिकरणले विगतमा डेडिकेटेड फिडर एवं ट्रङ्क लाइनबाट विद्युत् उपभोग गरेका र हाल लाइन काटिएका ग्राहकलाई पुनरावेदन प्रक्रियामा आउन आग्रह गरेको छ ।
महसुल उठाउनैपर्ने र राजस्वमा छुट दिन नसकिने भएकाले पुनरावलोकन प्रक्रियामा आउन वा किस्ताबन्दीमा तिर्नका लागि अवसर दिन सकिने स्पष्ट पारेको छ ।
प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बिहीबार आयोजित पत्रकार सम्मेलनमा डेडिकेटेड फिडर एवं ट्रंक लाइनबाट विद्युत् लिएकाको लाइन काटेर बक्यौता उठाउन निर्देशन दिइसकेको सन्दर्भमा छुट दिन नसकिने बताए । पछिल्लो पटक प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बक्यौता उठाउन निर्देशन दिइसकेका छन् ।
राजस्व छुट दिन नसकिने भएकाले यसमा प्राधिकरणले केही गर्न नसक्ने स्पष्ट पार्दै उनले प्राधिकरण मातहत रहेको पुनरावलोकन समितिमा निश्चित् रकम धरौटी राखेर प्रक्रियामा आउन सम्बन्धित व्यवसायीलाई आग्रह गरे ।
प्रधानमन्त्रीको निर्देशनपछि पछिल्लो पटक प्राधिकरणले केही ठूला उद्योगको बिजुली काटिदिएको छ । उद्योगमा बिजुली काटिएपछि उद्योगी–व्यवसायीले आपत्ति जनाउँदै आएका छन् ।

एक सवस्टेसनबाट अर्को सवस्टेशन जोड्ने लाइनबाट विद्युत् आपूर्ति लिने औद्योगिक, व्यापारिक र गैरव्यापारिक वर्गका ग्राहकलाई प्रिमियमसहितको बक्यौता रकम भुक्तानीका लागि पटकपटक सार्वजनिक सूचना निकालेर प्राधिकरणले अनुरोध गरेको थियो । प्राधिकरणको अनुरोधलाई बेवास्ता गर्दै बक्यौता बुझाउन आनाकानी गरेपछि प्राधिकरणले विद्युत् वितरण विनियमावली तथा विद्युत् महसुल सङ्कलन विनियमावली बमोजिम यही पुस ६ गतेदेखि लाइन काट्न शुरु गरेको हो । उपभोक्ताले विगतमा दैनिक रुपमा १७/१८ घण्टासम्मको लोडसेडिङ व्यहोरिरहेका बेला तीन सय ३९ औद्योगिक, व्यापारिक र गैरव्यापारिक ग्राहकले डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनमार्फत २० घण्टाभन्दा बढी बिजुली उपभोग गरेका थिए । कूल दुई सय ३९ ग्राहकमध्ये एक सय ७८ उपभोक्ताले डेडिकेटेड तथा ट्रङ्क लाइनबापतको प्रिमियमसहितको विद्युत् महसुल समयमै प्राधिकरणलाई भुक्तानी गरिसकेका छन् । डेडिकेटेड तथा ट्रङ्क लाइनबाट बिद्युत् उपभोग गरेको कूल ६१ वटा उद्योगको कुल बक्यौता २२ अर्ब २४ करोड रुपैयाँ बराबर छ । त्यसमध्ये करिब १२ अर्ब ५० करोड रुपैयाँ बराबरको बक्यौता हालै लाइन काटिएका नौ वटा ठूला उद्योगको छ । बक्यौता रहेका अन्य उद्योगको लाइन क्रमशः काट्दै जाने रणनीतिमा प्राधिकरण छ । कार्यकारी निर्देशक घिसिङले महशुल उठाएरै छाडिने र सबै तथ्य तथ्यांक सुरक्षित रहेको समेत स्पष्ट पारे ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय तथा सार्वजनिक लेखा समितिले बक्यौता उठाउन बारम्बार निर्देशन दिएको उल्लेख गर्दै घिसिङले भने, 'हामीले पनि उद्योगी व्यवसायीलाई धेरै पटक अनुरोध गर्‍यौँ । उहाँहरुले वास्ता गर्नुभएन । हामी बाध्य भएर लाइन काट्ने निष्कर्षमा पुगेका हौँ ।' जुनसुकै विकल्प अपनाएर भए पनि बक्यौता बुझाउन उनले आग्रह गरे ।

# पोखरा विमान दुर्घटनामा मानवीय त्रुटी भएको निष्कर्ष




**मधेशदृष्टि**
**काठमाडौँ ।**
गत वर्ष पोखरामा भएको यति एयरलाइन्सको विमान दुर्घटना मानवीय त्रुटिका कारण भएको निष्कर्ष निकालिएको छ ।
विमान दुर्घटनापछि गठित जाँचबुझ आयोगले मानवीय त्रुटिका कारण विमान दुर्घटना भएको निष्कर्षसहितको प्रतिवेदन बुझाएको छ ।
पूर्वसचिव नगेन्द्रप्रसाद घिमिरे संयोजकत्वको जाँचबुझ आयोगले आठ महिना तीन दिन लगाएर तयार पारेको प्रतिवेदन बिहीबार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीलाई हस्तान्तरण गरेको छ ।
पोखरामा गत वर्ष माघ १ गते विमान दुर्घटना भएकै दिन सरकारले पूर्वसचिव घिमिरेको संयोजकत्वमा पाँच सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो । आयोगमा हवाई विज्ञ नेपाली सेनाका अवकाशप्राप्त क्याप्टेन दीपकप्रकाश बास्तोला, अवकाशप्राप्त क्याप्टेन सुनिल थापा, जहाज मर्मतसम्भार विषयका इन्जिनियर एकराज जंग थापा र आयोगको सदस्य सचिवमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने थिए । प्रतिवेदन बुझ्दै मन्त्री किरातीले आयोगले दिएको सुझाव कडाइका साथ कार्यान्वयन गर्न मातहतका निकायलाई निर्देशन दिए ।

# पिएम कपः प्लेअफमा पुग्ने चार टोलीको टुङ्गो लाग्यो



**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानामन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगितामा शसस्त्र प्रहरी बलको एपिएफ क्लबले गण्डकी प्रदेशलाई ५२ रनले पराजित गर्दै प्रतियोगितामा लगातार छैटौँ जित दर्ता गराएको छ ।

प्रतियोगितामा ६ खेल खेलेको एपिएफले छ खेलमै जित निकाल्दै अङ्क तालिकाको शीर्ष स्थानमा रहेर प्लेअफमा स्थान बनाएको छ ।
कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान बिहीबार भएको दोस्रो खेलमा टस जितेर पहिला ब्याटिङ गरेको एपिएफले निर्धारित २० ओभरमा ३ विकेट गुमाएर एक सय २७ रनको योगफल बनायो । एपिएफका लागि ममता चौधरीले सर्वाधिक ४० रन बनाइन् । उनले ३३ बलमा ६ चौकाको मद्धतमा अविजित ४० रन बनाएकी हुन् । रोमा थापाले अविजित ३१ रन जोडिन भने सीता राना मगर १९, इन्दु बर्मा १० र ज्योति पाण्डेले ८ रन बनाइन् । गण्डकीका लागि ज्योत्सनिका मरासिनीले सर्वाधिक २ विकेट लिइन् भने कुसुम गोदारले १ विकेट लिइन् ।
एपिएफले दिएको १२८ रनको लक्ष्य गण्डकी २० ओभरमा ७ विकेट गुमाउँदै ७५ रनमा समेटियो । गण्डकीका लागि सृष्टि जैशी र सुमन खतिवडाले समान १७÷१७ रन बनाए । त्यस्तै ज्योत्सनिका मरासिनीले १३ र सिर्जना पौडेलले ११ रन बनाए ।
एपिएफका लागि नेरी थापाले सर्वाधिक ४ विकेट लिइन् भने सोनु खड्काले २ र करुणा भण्डारीले १ विकेट लिइन् ।
यो हारसँगै गण्डकीको शीर्ष ४ मा रहेर प्लेअफ खेल्ने सम्भावना समाप्त भएको छ ।
बिहीवार भएको अर्को खेलमा बाग्मती प्रदेशले कर्णाली प्रदेशलाई १० विकेटले हराएको छ । कर्णालीले दिएको ४३ रनको सामान्य लक्ष्य बाग्मतीले २९ बलमै भेटायो । बाग्मतीका लागि यशु पाण्डेले २५ र हेलिशा गुरुङले १३ रन बनाइन् । यसअघि मूलपानी क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको कर्णाली १३ ओभर ४ बलमा ४२ रन बनाउँदा अल आउट भयो ।
कर्णालीका लागि शुरती बुढाले सर्वाधिक १६ रन बनाइन् ।
बलिङतर्फ बाग्मतीकी खुशी डङ्गोलले ४ विकेट लिइन् ।
साथै, प्लेअफमा पुग्ने चार वटै टोली टुंगो लागेको छ ।
प्लेअफमा एपिएफसँगै कोशी, सुदूरपश्चिम र बागमती प्रदेशले स्थान बनाएका छन् । एपीएफ ५ खेलमा १० अङ्कसहित तालिकाको शीर्ष स्थानमा, कोशी ६ खेलमा १० अङ्कसहित दोस्रो स्थानमा, सुदूरपश्चिम ६ खेलमा ८ अङ्सहित तेस्रो र बाग्मती ६ खेलमा ८ अङ्कसहित चौथो स्थानमा छ ।

# नयाँदिल्लीस्थित इजरायली दूतावासमा अर्धसैनिक बल तैनाथ

**एएनआई**
**नयाँदिल्ली ।**
नयाँदिल्लीस्थित इजरायली दूतावास बाहिरी क्षेत्रमा विष्पोट भएको सूचनापछि अर्धसैनिक बल दूताबास बाहिरको क्षेत्रमा तैनाथ गरिएको छ । प्रहरीका अनुसार दूताबासमा दुई दिन पहिले विस्फोट भएको भन्ने खबर प्रहरीलाई आएपछि प्रहरी त्यहाँ पुगेको हो । दुतावास क्षेत्र वरिपरि बिहीबार आवतजावत प्रतिबन्धितको साथै अर्धसैनिक बलहरूको तैनाथी गरेको दृश्यहरू देखिएका छन् । दिल्ली प्रहरीलाई मङ्गलबार चाणक्यपुरी कूटनीतिक क्षेत्रस्थित इजरायली दूतावास नजिकै 'विस्फोट' भएको फोन आएको थियो । तर अधिकारीहरूले घटनास्थलमा त्यस्तो केही नभेटिएको बताएका थिए । विष्पोट भएको सूचनासहितको फोन दिल्ली फायर सर्भिसले साँझ छ बजे प्राप्त गरेको थियो । बुधबार घटनाको छानबिन गर्न राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) लाई खटाइएको थियो ।
अनुसन्धानका लागी दिल्ली प्रहरीले सीसीटीभी फुटेज जाँच पछि दुई 'संदिग्ध' लाई नियन्त्रण गरेको छ । यद्यपी अधिकारीहरूले उनीहरूको संलग्नता भने पुष्टि गरेका छैनन् ।
स्रोतका अनुसार मङ्गलबार साँझ इजरायली दूतावास नजिकै घुमिरहेका दुई व्यक्ति 'विस्फोट' घटनाका शङ्कास्पद व्यक्तिका रूपमा देखा परेका छन् ।
स्रोतका अनुसार 'सीसीटीभी फुटेजमा दुईजना व्यक्तिहरू घटनाको समयमा उक्त क्षेत्रमा घुमिरहेका देखिन्छन् । घटनामा उनीहरूको भूमिका भने अझै प्रष्ट हुन सकेको छैन । थप अनुसन्धानपछि उनीहरू घटनाको समयमा त्यस क्षेत्रमा के गर्दै थिए प्रष्ट हुनेछ । प्रहरीले संदिग्ध व्यक्ति कसरी त्यहाँ पुगे र के गरे भन्ने पत्ता लगाउन वरपरका सीसीटीभी जाँच गरिरहेको छ । प्रहरीले उनीहरूको पहिचानको लागि पनि प्रयास गरिरहेको बताएको छ । दिल्ली प्रहरीले मङ्गलबार साँझ 'विस्फोट' बारे जानकारी सम्बन्धमा इजरायल दूतावास नजिकै राजदूतलाई सम्बोधन गरेको पत्र फेला पारेको छ ।
इजरायली दूतावासलाई अङ्ग्रेजीमा लेखेको पत्रमा धम्कीपूर्ण शब्दहरू प्रयोग गरिएको थियो । चिठीमा नाम लेखिएको समूह सर अल्लाह रेजिस्टेन्सको खोजी भएको स्रोतले बताएको छ ।

# महतोले नछोड्दै कारबाहीको ‘दाग’





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी नेपालमा फरक मत राख्दै आएका वरिष्ठ नेता राजेन्द्र महतो मधेशमा सक्रिय छन् । उनी अध्यक्ष महन्थ ठाकुरविरुद्ध लागेको भन्दै अध्यक्ष ठाकुर चैँ अनुशासनको कारबाहीको डर देखाइरहेका छन् । वरिष्ठ नेता महतोको गतिविधि पार्टी हितविपरीत भन्दै अनुशासनको कारबाही गर्ने तयारीमा अध्यक्ष ठाकुर देखिएका छन् ।

पार्टी महासचिव डा.सुरेन्द्र झा पार्टीको दोस्रो मुख्य व्यक्ति भएर पार्टीविरुद्धमा बोल्दै हिँड्नु अनुशासन विपरीत कार्य भएकाले कारबाही हुनसक्ने बताउँछन् । उनले महतोले पछिल्लो समय पार्टीको हित विपरीत गर्दै आएका गतिविधिबारे पार्टीले अध्ययन गरिरहेको बताउँछन् । पार्टी अध्यक्ष ठाकुरले सार्वजनिक गरेको केन्द्रीय समितिको नामावलीमा पनि महतो असन्तुष्ट थिए । मधेश प्रदेशसभा सदस्य अभिराम शर्मालाई अदालतले जन्मकैदको फैसला सुनाएपछि नेता महतो अरु उत्तेजित भएका छन् । उनले पार्टी मात्र होइन, मधेशवादी अरु दल पनि सरकारबाट फिर्ता हुनुपर्ने बताएपछि अध्यक्ष ठाकुरसँग अरु पार्टीका नेताले पनि जिज्ञासा राख्ने नै भए । अध्यक्ष ठाकुरले सरकारलाई दिएको समर्थन यथावत राख्ने पक्षमा छन् । उसो त माघपछि महतो नयाँ पार्टी खोल्ने तयारीमा छन् । उनी पार्टी छाडेर जानुअघि नै कारबाहीको दाग लगाउन सकिन्छ कि भनेर अध्यक्ष ठाकुर पक्ष तयारीमा रहेको देखिएको छ ।



**गाँजा नष्टः** धनुषा, कमला नगरपालिका वडा नम्बर ९ दुबरकोटमा लगाइएको गाँजा प्रहरी चौकी सिँग्याहिमडानको टोलीले फाँडेको छ । तस्बिर सौजन्यः जिप्रका धुनषा

# राष्ट्रिय सभाका लागि सिट माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी नेपाल (जसपा)ले राष्ट्रिय सभा सदस्यका लागि हुने निर्वाचनमा थप एक सिटका लागि गठबन्धनमा प्रस्ताव गर्ने बताएको छ ।
मधेश प्रदेशमा जसपाको एक सिट खाली छ, त्यो यथावत नै रहन्छ भने त्यसबाहेक एमालेसँग रहेको नौ वटा सिट पनि सत्तागठबन्धनले नै हात पर्ने भएकाले त्यसमा पनि बाँडफाँट हुनुपर्ने प्रस्ताव गठबन्धनमा राख्ने पार्टीका कार्यकारिणी सदस्य एवम् राष्ट्रिय सभाका सदस्य मृगेन्द्रकुमार सिंह यादवले बताए । राष्ट्रिय सभाको सिट बाँडफाँट भइसकेको छैन । तर फागुनमा जुन दलको जति वटा सदस्यको म्याद सकिन्छ त्यो सिट त्यही दलले पाउने भनी मोटामोटी सहमति भएको छ । तर बाँकी रहेको एमालेवाला सिट पनि बाँडफाँट हुनुपर्ने कुरा हालै जसपाको सम्पन्न कार्यकारिणी समितिको बैठकमा छलफल भएको उनले बताए । वर्तमान सत्ता गठबन्धन एक ठाउँमा हुँदा एमालेको हाल कायम सिट गुम्ने देखिएकाले ती सिट पनि बाडफाँट हुनुपर्ने उनको भनाइ छ । जसपाले पाउने सिटको टुंगो लागेपछि मात्र उम्मेदवारबारे पार्टीमा छलफल हुने पनि उनले बताए ।

# ब्लड फर नेपालद्वारा विद्यालयमा रक्तदान सचेतना



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामका कलेजमा ब्लड फर नेपाल धनुषा टिमद्वारा रक्तदान सचेतना कार्यक्रम भएको छ ।
बिहीबार जनकपुरधामको भानुचौक स्थित मोनाष्टिक स्कुल– कलेजमा कक्षा ११ र १२ का विद्यार्थीलाई रगतबारे प्राविधिक तथा व्यवहारिक विषयबारे परामर्श दिइएको थियो । ‘आउँ, रगतका कुरा गरौँ, आउँ, रगतका कुरा बुझौँ’ भन्ने नारासहित धनुषाका विभिन्न ठाउँमा रक्तदान सचेतना कार्यक्रम आयोजना भएका छन् । उनीहरूले बुधबार यज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय (ज्ञानकुप) मा पनि रक्तदान सचेतना कार्यक्रम गरेका थिए ।
सचेतना कार्यक्रममा ब्लड फर नेपालका धनुषा जिल्ला सदस्य विकाश साह, अमित यादव, सोनाली साह र कार्तिकेश झाले वल्ड फर नेपालको कामकारबाही, रगतको आवश्यकता, महत्व, रक्तदानको विशेषता, रगतको विद्यमान अवस्थालगायतका विषयमा केन्द्रित रहेर उनीहरुले प्रस्तुतिकरण गरेका थिए भने दिवेश कुमार महतोले सहजीकरण गरेका थिए । ब्लड फर नेपालले विगत ५ वर्षदेखि धनुषा लगायत देशका अन्य विभिन्न ठाउँमा बिरामीलाई रगत आवश्यक परेका बेला रगत जुटाउन र रगतसम्बन्धी सचेतना कार्यक्रम गर्दै आइरहेको ब्लड फर नेपाल धनुषा टिमका संयोजक भवानी प्रसाद साहले बताए । उनका अनुसार, ‘शिक्षा हासिल गर्ने मुख्य थलो विद्यालय–कलेज रहेको हुँदा विद्यालयलाई प्राथमिकतामा राखेर ती कलेजमा अध्ययनरत विद्यार्थीलाई यसबारे सचेत गराउन आवश्यक रहेको र उनीहरूबाट नै सचेतना व्यापक रुपमा जनमानसमा पुर्याउने लक्ष्य रहेको बताए । ब्लड फर नेपाल रक्तदाता खोजेर बिरामीलाई रगत उपलब्ध गराउने काम गर्दै आएको नाफा नकमाउने गैरसरकारी संस्था हो ।

# विदेशी मुद्रा सटही सुविधा वृद्धि

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वैदेशिक शिक्षा यात्रामा जानेहरूका लागि विदेशी मुद्रा सटही सुविधा वृद्धि भएको छ ।
राष्ट्र बैङ्कले बिहीबार विदेशी विनिमय कारोबार गर्न इजाजत पत्र प्राप्त निकायलाई जारी परिपत्र–२०७९ संशोधन गर्दै विदेशी मुद्रा सटही सुविधा बढाएको हो ।
उच्च शिक्षा हासिल गर्न जाने नेपालीका लागि क्यानडा, संयुक्त राज्य अमेरिका, अस्ट्रेलियालगायत युरोपेली मुलुकका लागि १२ हजार अमेरिकी डलरसम्मको सटही सुविधा उपलब्ध गराउने राष्ट्र बैङ्कले जनाएको छ । यसअघि यस्तो मुलुकका लागि १० हजार अमेरिकी डलरसम्मको सटही सुविधा थियो ।
यस्तो सटही सुविधा अधिकतम अमेरिकी डलर १ हजार ५ सय वा सोबराबरको अन्य परिवत्र्य विदेशी मुद्रासम्म प्रदान गर्न सकिने राष्ट्र बैङ्कले जनाएको छ । तर भिसा आवेदनको हकमा सम्बन्धित दूतावास लगायत भिसा आवेदन शुल्क सङ्कलन गर्न अधिकारप्राप्त निकायले परिवत्र्य मुद्रामा नै भिसा शुल्क लिने व्यवस्था गरेमा (विद्युतीय माध्यम समेत) तोकिएको भिसा शुल्कसम्मको सटही सुविधा प्रदान गर्दा उल्लिखित अधिकतम अमेरिकी डलर १ हजार ५ सयको सीमाले बाधा नपुऱ्याउने राष्ट्र बैङ्कले जनाएको छ ।

# उमेर हद आवश्यक छैनः यादव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एकीकृत समाजवादी मधेश प्रदेश कमिटी अध्यक्ष रामचन्द्र यादवले पार्टीमा उमेर हद आवश्यक नरहेको दाबी गरेका छन् ।
पार्टीको काठमाडौँमा जारी बैठकको दोस्रो दिन आफ्ना धारणा राख्दै उनले यस्तो दाबी गरेका हुन् । उनले भने, ‘७० वर्षे उमेर काम गर्न सक्ने उमेर त होइन । तर, हाम्रो पार्टी बन्दै गरेको अवस्था छ । हाम्रो पार्टीमा युवा सहभागिता उल्लेखनीय हुनुपर्छ । समावेशी कमिटी निर्माण गर्नुपर्छ ।’
त्यस्तै अध्यक्ष यादवले केन्द्रीय कमिटीको संख्या १ सय ७५ भन्दा बढी हुन नहुने बताए । उनले भने, ‘केन्द्रीय कमिटीको संख्या १ सय ५५ देखि १ सय ७५ सम्म भए हुन्छ । प्रदेश कमिटी १ सय ५ सदस्सीय हुनुपर्छ ।’ उनले पहिले हलले केन्द्रीय कमिटी चयन गर्ने र त्यसले नेतृत्व चयन गर्नुपर्ने बताए । ‘हामीले एमालेमा हुँदा आठौँ र नवौँ महाधिवेशनमा प्रत्यक्ष चयन गरेका थियौँ,’ उनले भने, ‘ केही समस्या आएका थिए, त्यसबाट पाठ सिकेर केन्द्रीय कमिटीले चयन गर्ने कुरा कम्युनिष्ट पार्टीका निम्ति उचित कुरा हो ।’

# गाँजासहित दुई पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा, क्षिरेश्वरनाथ नगरपालिका–४ हरैया चन्द्रपुरमा लागूऔषध गाँजा ५ किलोग्रामसहित दुई जना पक्राउ परेका छन् । प्रहरीले २१ वर्षीय ललन सहनीसमेत २ जनालाई बुधबार साँझ पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले प्र.२–०२–००५ प २२०३ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई गाँजासहित नियन्त्रणमा लिएको हो ।

# फरार प्रतिवादी समातिए

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रहरीले अदालतबाट सजाय फैसला फरार प्रतिवादीलाई नियन्त्रणमा लिएको छ । सिरहा, कल्याणपुर नगरपालिका वडा नम्बर १२ का ५६ वर्षीय मो. ईब्राहिम मिया पक्राउ परेका हुन् । उनी उच्च अदालत जनकपुर राजविराज इजलासबाट २०७५ पुस १८ गते भएको फैसलामा खुन डाँका मुद्दामा २० वर्ष कैद सजाय तोकिएका व्यक्ति हुन् । उनलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याई अनुसन्धानपश्चात जिल्ला अदालमा पेस गरिएको छ । मियालाई कैद भुक्तानका लागि सिरहा कारागार पठाइएका छन् ।


## जनकपुरधाम उप-महानगरपालिका
## २० नं. वडा कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

## सूचना

उपरोक्त सम्बन्धमा जनकपुरधाम उ.म.न.पा. वडा नं. २० बस्ने रामचन्द्र साहुले जनकपुरधाम उ.म.न.पा. वडा नं. २० मा दिएको तमसुक प्रमाणित गरी पाउँ भनि दिएको निवेदन अनुसार ज.उ.म.न.पा. स्थानीय राजपत्र घरसारको लिखत प्रमाणित गर्ने सम्बन्धी कार्यविधि-२०८० को दफा-६ को उपदफा च अनुसार तपसिलका तपाईहरु आफ्नो पक्ष राख्न यो सात दिने सूचना प्रकाशित गरीएको छ। साथै समय भित्र आफ्नो पष राख्ने नआएमा नियमानुसार हुनेछ।

**तपसिल**
१. महेन्द्र सहनी, औरही गा.पा.-६, धनुषा
२. बेचुलाल मंडल केवट, हँसपुर न.पा.-४, धनुषा
३. हेम शंकर यादव, धनुषाधाम न.पा.-२, धनुषा
४. फूल कुमारी, धनुषाधाम न.पा.-२, धनुषा
५. सुनैना कुमारी यादव, धनुषाधाम न.पा.-२, धनुषा
६. मसुधन दास, धनुषाधाम न.पा.-२, धनुषा
७. सुवित्री देवी ठाकुर, धनुषाधाम न.पा.-२, धनुषा
८. रामवरण यादव, धनुषाधाम न.पा.-२, धनुषा
९. रामचन्द्र यादव, धनुषाधाम न.पा.-२, धनुषा
१०. लिला देवी यादव, धनुषाधाम न.पा.-२, धनुषा
११. महिन्द्र यादव, धनुषाधाम न.पा.-२, धनुषा
१२. नारायण साहु तेली, धनुषाधाम न.पा.-२, धनुषा
१३. विरेन्द्र कुमार यादव, धनुषाधाम न.पा.-२, धनुषा
१४. विनोद कुमार दास, धनुषाधाम न.पा.-२, धनुषा
१५. धिरेन्द्र कुमार सिंह दनुवार, धनुषाधाम न.पा.-२, धनुषा
१६. महिन्दर यादव, धनुषाधाम न.पा.-२, धनुषा
१७. श्याम सुन्दर ठाकुर, धनुषाधाम न.पा.-२, धनुषा

२० नं. वडा कार्यालय
जनकपुरधाम उ.म.न.पा., धनुषा




मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्





## शीतलहर तथा चिसोबाट बच्ने उपायहरू

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।**

## वीरगंज महानगरपालिका
## वडा नं. ३ को कार्यालय

# सार्वजनिक सरोकारका मुद्दामा कलम चलाउन प्रजिअ भुषालको आग्रह



### शाखा कार्यालयको माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र

*धोविनी गाउँपालिकाका ललन प्रसाद कुर्मी लगायतका स्थानीयले बिहीबार पर्साका प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् । धोविनीमा इलाका प्रशासन कार्यालय, मालपोत, नापी, भूमि सुधारको शाखा स्थापनाको माग गर्दै प्रजिअ मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको हो । ज्ञापनपत्रमा ग्रामिण क्षेत्रको विकासका लागि तथा स्थानीयले भोग्नु परेको पीडाको सम्बोधन गर्न पर्साको धोविनीमा सरकारी कार्यालयको शाखा कार्यालयहरु स्थापना गर्न माग गरिएको छ ।*

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालले समाज परिवर्तनका लागि सार्वजनिक सरोकारका मुद्दामा कलम चलाएर स्थानीय प्रशासनलाई सहयोग गर्न पर्सेली पत्रकारहरुलाई आग्रह गरेका छन् । जिल्ला प्रशासन कार्यालय पर्साले बिहीबार आयोजना गरेको समन्वयात्मक एवम् परिचयात्मक कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी भूसालले एक अर्कालाई दोषारोपण नगरी समन्वय र सहकार्य गर्नु पर्नेमा जोड दिए । अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाउँदै लैंगिक हिंसा एवम् जातिय विभेदजन्य घटना आफ्नो प्राथमिकतामा रहेको भुसालले बताए । २९ मंसिरको निर्णयअनुसार जिल्ला प्रशासन कार्यालय गोरखाबाट सरुवाभई पुस ८ गते पर्सामा हाजिर भएका भूसालले शान्ति सुरक्षाको मामिलामा कसैसँग कुनै सम्झौतान गर्ने बताए । सामुहिक प्रयासबाट मात्रै सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्य हासिल हुने दाबी गर्दै भूसालले सामाजिक लाभको वितरणका लागि कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गरे । नागरिकता वितरण, राष्ट्रिय परिचयपत्र, राहदानीसँगै ठाडो उजुरी लगायतका क्षेत्राधिकारका सेवालाई प्रभावकारी र चुस्त बनाउने योजना अनुरुप काम भइरहेको उनले बताए । प्रक्रिया पूरा भएमा कोही पनि कुनै पनि सेवाबाट बञ्चितहुने अवस्थान आउने भुसालले बताए । पर्सा जिल्ला पहिलेको तुलनामा धेरै परिवर्तन भएको बताउँदै उनले सरकारी कार्यालयको क्रियाकलापमा प्लास्टिक जन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गर्न आफुले पहलगर्ने बताए । सहायक प्रमुख जिल्ला अधिकारी शिव प्रसाद लम्सालले कार्यालय समयमै सेवा प्रवाह भइरहेको दाबी गरे । भर्खरै नयाँ भवनमा स्थानान्तरण भएको हुँदा आन्तरिक व्यवस्थापनमा केही समस्या भएको स्विकार गर्दै लम्सालले व्यवस्थापनको काम भइरहेको बताए । मीटर ब्याजीको समस्यादेखि अन्य मुद्दा मामिलामा दुवै पक्षलाई छलफलमा झिकाएर पिडितलाई न्याय दिलाउने काम भइरहेको लम्सालको भनाई छ । समन्वयात्मक कार्यक्रममा सहभागी सञ्चारकर्मीहरुले नागरिकता वितरण, प्रतिलिपि, राहदानीसँगै आमाको नाममा वितरण हुने नागरिकता, मीटर ब्याजीसँगै सुरक्षा र प्रशासनिक कामकाजका बारेमा जिज्ञासा राखेका थिए ।



वीरगंजको ब्रह्मचोकनजिकै बेच्न राखेको तरकारी मिलाउँदै व्यापारी । तस्बिरः मधेशदृष्टि

# सर्लाहीमा मिटर व्याज पीडितहरुको प्रदर्शन प्रहरीद्वारा तीनसेल अश्रुग्यास प्रहार

**एसपी गौरब**
**सर्लाही ।**
सर्लाहीमा मिटर व्याजी पीडित किसान मजदुर संघर्ष समितिले जिल्ला प्रशासन कार्यालय घेराउ गरेका छन् ।

मिटर व्याज पीडित किसान मजदुर संघर्ष समिति नाराबाजी सहित जिल्ला प्रशासन कार्यालय जाने क्रममा प्रहरीसँग विवाद भई जिल्ला प्रहरी कार्यालयको गाडीमा तोडफोड गरेपछि मिटर व्याज पीडित किसान मजदुर संघर्ष समिति सदस्य फतिमा खातुनलाई प्रहरीले नियन्त्रणमा लिएपछि मिटर व्याज पीडितहरु आक्रोसित भएका हुन् ।



मिटर व्याजी पीडित किसान मजदुर संघर्ष समिति सर्लाहीले सरकार विरोधी नाराबाजी गर्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाउन जाँदा प्रहरी र संघर्ष समितिबीच विवाद सृजनाभई प्रहरीको गाडमाथि ढुँगामुढा गरेपछि समिति सदस्य खातुनलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक दिपेन्द्र पञ्जियार थारुले जानकारी दिए ।

उनका अनुसार संघर्ष समिति सदस्य खातुनलाई सोधपुछ गर्न र तनाव सृजना नगर्न आग्रहगर्नका लागि नियन्त्रणमा लिईएको हो ।

खातुनलाई नियन्त्रणमा लिए पछि आक्रोशित मिटर व्याज पीडितहरुले केही समय टायर बालेर प्रदर्शन गर्दा प्रहरीले भिडलाई नियन्त्रणमा लिन तीनसेल अश्रुग्यास समेत प्रहार गरेको जनाएको छ।

अहिले मलंगवाको अवस्था शान्तभएको र कुनै पनि मानविय क्षति नभएको सर्लाही प्रहरीले जनाएको छ ।

# जल वीरगंज हुँदै अयोध्या पठाइयो



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको गहवामाई रथ यात्रा समितिको आह्वानमा नेपालको विभिन्न नदीबाट संकलित जलवीरगंज हुँदै भारतको अयोध्यापठाएको छ । बिहीबार विहान गहवामाई परिसरबाट ठूलो संख्यामा निस्किएको जलयात्राले नगरपरिक्रमा गरी वीरगंजको शंकराचार्य गेटहुँदै भारत प्रस्थान गरेको थियो । नेपालको भेरी, महाकाली, सेती, कमला, कोशी, बागमती, गण्डकी, नारायणी लगायतका नदीबाट ल्याईएको जल विश्वहिन्दू परिषद नेपाल तथा गहवामाई रथयात्रा समितिले भारतको अयोध्यामा पठाएको हो । वीरगंजबाट निस्किएको जल यात्रामा गहवामाई रथ यात्रा समितिका अध्यक्ष श्याम पोखरेल, उपाध्यक्ष देवानन्द कलवार, पप्पू गुप्ता, राजन कुमार, सन्तोष कुमार साह, मनोहर साह, मोहन साह सहितको सहभागिता रहेको थियो ।

# बालुवालोड गरेको ट्याक्टर नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज।**
खोलाबाट अवैध रुपले बालुवा उत्खनन गरी चोरी निकासी भइरहेको अवस्थामा पर्सा प्रहरीले ५ वटा ट्याकटर नियन्त्रणमा लिएको छ ।

पर्साको पर्सागढी नगरपालिका–३ स्थित भेडाहा खोलाबाट अवैध रूपले बालुवा उत्खनन भइरहेको विशेष सूचनाको आधारमा खटिएको प्रहरीले ५ वटा ट्याक्टर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीका अनुसार प्रहरीले बिहीबार बिहान ७ बजेको समयमा भेडाहा खोलाबाट बालुवा उत्खनन गरी ५ वटा ट्याक्टरमा लोड गरेको अवस्थामा नियन्त्रणमा लिएको हो ।

ना ७ त ४२०५, ना ७ त ७०३, ना ६ त ७६५५, ना ७ त १२९६ र ना ७ त १२९६ नम्बरको ट्याक्टरलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि प्रहरी चौकी मिलन चोकमा राखिएको प्रहरी निरीक्षक केशरीले जानकारी दिए ।




# प्रो क्लब क्रिकेटः पर्सा–११ रनरेटको आधारमा सेमिफाइनल प्रवेश



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रो क्लब च्याम्पियनसिप टी–२० क्रिकेटमा विभागीय टोली नेपाल एपिएफ क्लबले रोमाञ्चक जित हासिल गरेको छ । पर्सा–११ लाई ८ रनले पराजित गरेपनि एपिएफ सेमिफाइनलमा स्थान बनाउन भने सकेन । पर्सा र वन्डर्स क्लब नोयडासँग समान अंक भएपनि नेट रनरेटका आधारमा पछि पर्दा एपिएफको यात्रा लिग चरणमै सिमित बन्न पुग्यो । तीनै टोलीले पाँच खेलमा समानचार अंकजोडेका थिए । तर रनरेटमा अघि रहँदा वन्डर्स तेस्रो र पर्सा चौथो स्थानमा रहँदै सेमिफाइनल प्रवेश गर्यो । एपिएफ पाँचौं स्थानमा चित बुझायो । वन्डर्सको रनरेट–०.४८२, पर्साको –०.७६१ र एपिएफको –१.२५४ रह्यो । वीरगंज स्थित नारायणी क्रिकेट मैदानमा बिहीबार एपिएफले प्रस्तुत गरेको १ सय २९ रनको लक्ष्य पछ्याएको पर्साले २० ओभर नै ब्याटिङ गरेपनि १ सय २० रन मात्र बनाउन सक्यो । पर्साका लागि रुपेश सिंहले अविजित ४६, अनिल शाहले १६ तथा इमरान शेख र सुरज पटेलले समान १५ रन बनाए ।

एपिएफका लागि अविनाश बोहरा, रमेश कुर्मी र श्याम ढकाल (मौसम) ले समानदुई तथा अमरसिंह रौटेलोले एक विकेट हातपारे । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको एपिएफले निर्धारित २० ओभर मानौ विकेट गुमाउँदै १ सय २८ रनको योगफल तयार पारेको थियो । एपिएफका लागि कप्तान प्रदीप ऐरीले ४२ बलमा पाँच चौका र दुई छक्काको मद्दतले सर्वाधिक ५२ रनको योगदान गरे । यसैगरी लोकेश बमले १९, पुर्ण विकले १८, अविना शबोहराले अविजित १४ र सुमित महर्जनले १३ रन बनाए । चौथो विकेटका लागि प्रदीप र पूर्णले ४६ रनको साझेदारी गरे । पर्साका लागि रन्जित कुमार र कप्तान सन्दीप लामिछानेले समान दुई तथा पवन सराफ र अनिल शाहले समान एक विकेट लिए ।

प्रतियोगिता अन्तरगत आज शुक्रबारदेखि हुने सेमिफाइनल खेलहरुमा नेपालको विभागीय टोली आर्मीसँग पर्सा–११ र भारतको वन्डर्स क्लब नोयडासँग नेपाल पुलिस क्लबले प्रतिस्पर्धा गर्नेछन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन